बालविवाह सामाजिक र कानूनी अपराध हो ।

- २० वर्ष नपुगी विवाह नगरौं र नगराऔं ।
- उमेर नपुगी विवाह गर्नु सामाजिक र कानूनी अपराध हो,
- त्यस्तो अपराध गर्नेलाई जरिवाना र कैद सजाय दुवै हुने कानूनी व्यवस्था छ ।

नेपाल सरकार
विज्ञापन बोर्ड

PRATEEK DAILY

राष्ट्रिय 'क' वर्ग

# प्रतीक दैनिक

eprateekdaily.com



निश्शुल्क प्रतीक दैनिक पढ्न चाहनुहुन्छ भने लग अन गर्नुहोस् ।

eprateekdaily.com

❖ वर्ष ३७ ❖ २०८० मङ्सिर १५ गते शुक्रवार // मृत भस्म नबन्दैमा झिल्को भैकन बल्नुछ // 2023 December 01 Friday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ६ ❖ अङ्क ९१

## जनता सडक : गाँजा, चरेस भित्रिने मुख्य बाटो

बलिराम शुक्ल, बिरुवागुठी, १४ मङ्सिर/

मकवानपुर र धादिङ जिल्लामा उत्पादित गाँजा, चरेस अहिले पर्सा जिल्लाको जनता सडक भएर भारत पुऱ्याउने काम भइरहेको छ ।

जनता सडक भएर यसअघिदेखि गाँजा, चरेसको कारोबार हुँदै आए पनि अहिले अत्यधिक वृद्धि भएको जानकारहरू बताउँछन् । मकवानपुर र धादिङ जिल्लामा उत्पादित गाँजा, चरेस मकवानपुर जिल्लाको मनहरी, लोथर हुँदै जङ्गल बाटो भएर यसअघि भित्रिने गर्थ्यो ।

जङ्गल बाटोबाट निकुञ्जमा खट्ने सेनासमेतलाई मिलाएर भरियामार्फत गाँजा, चरेस ढुवानी हुँदै आएकामा सेनाको नाम बद्नाम भएपछि निकुञ्जमा सिसिटिभी क्यामरा जडान गरिएको हो । यसो त निकुञ्जमा हुने अवैध शिकार नियन्त्रण र जङ्गली जनावरको हेरचाहका लागि भनेर सिसिटिभी जडान भएको बताइएको छ तर यसमा निकुञ्ज भएर हुने गाँजा र चरेसको तस्करी पनि रहेको बताइन्छ । अहिले जङ्गलको बाटो भएर गाँजा र चरेसको तस्करी नियन्त्रण भएपछि तस्करहरूले जीतपुर भएर पर्सा जिल्लाका विभिन्न स्थानहरूमा पुऱ्याउने र त्यहाँबाट खुला सीमाको फाइदा उठाउँदै भारत पुऱ्याउने गरिन्छ ।



गाँजासहित पक्राउ परेका ।

पर्सा जिल्लाबाट गाँजा, चरेसको कारोबार बढेको कुराबाट सुरक्षाकर्मीहरू जानकार छन् । गाँजा, चरेसका ठूला कारोबारीहरूको सुरक्षाकर्मीहरूसँग सेटिङ छ । विनोसेटिङ ठूला कारोबारीहरूले जोखिमपूर्ण कार्य नगर्ने जानकारहरू बताउँछन् । ठूला कारोबारीको नाममा साना कारोबारीहरूले पनि मौकामा चौका हान्ने गर्छन् र सुरक्षाकर्मीहरूले तिनै मौकामा चौका हान्नेहरूको गाँजा, चरेस मात्र समात्ने गर्छ स्रोतको दाबी छ ।

अहिले पनि मनहरी, लोथरबाट मकवानपुर र धादिङका गाँजा, चरेसहरू आएर भण्डार हुन्छ । अनि त्यहाँबाट सुविधा अनुसार खाली टयाङ्कर, ट्रक, लहरी, सुमो, बस अनि भाडाका जीप, कारहरूबाट जीतपुरसम्म ढुवानी भएर आउँछ। जीतपुरमा आएको गाँजा, चरेस जीपकारबाट सीधैं गन्तव्यतर्फ जान्छ भने टयाङ्कर, ट्रक, लहरी, सुमो, बसबाट ल्याइएका जीतपुरमा झारेर अटोको माध्यमबाट सखुवाप्रसौनी, पटेर्वासुगौली, जीराभवानी, जगरनाथपुरसम्म पुऱ्याइन्छ। लाइनमा रहेका तस्करहरूले दिने सूचनाका आधारमा सुरक्षाकर्मीहरूले साना कारोबारीको माल समात्ने र कारबाही प्रक्रिया अगाडि बढाउँदै आएको स्रोतको दाबी छ ।

स्रोतका अनुसार पर्सा जिल्लाबाहेक अहिले पूर्वका जिल्लाहरूबाट पनि गाँजा, चरेसहरू भारत पुऱ्याउने गरिन्छ। बारा, रौतहट, सर्लाही, धनुषालगायत सीमावर्ती क्षेत्रबाट यही शैलीमा कारोबार भइरहेको छ । जताबाट सुरक्षित हुन्छ, उतैबाट कारोबार गरिन्छ । तर सबै स्थानमा सुरक्षाकर्मीहरूसँग सेटिङ गरिने स्रोतले बताएको छ ।

अहिले पर्सा जिल्लामा मुख्यरूपमा बाराको जीतपुर बजार भएर अटोको माध्यमबाट गाँजा, चरेस भित्रिरहेको छ। यो कुरालाई जिल्ला प्रहरी कार्यालय, पर्साका सूचना अधिकारी एवं प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापा पनि स्वीकार्छन् । अधिकांश घटना सोही सडकखण्डमा भएको उनी बताउँछन् । मकवानपुर धादिङबाट आएका गाँजा, चरेस सूचनाका आधारमा बरामद हुने गरेको उनले बताए । उनले पर्सा प्रहरी लागूऔषधको कारोबार रोकथाम, नियन्त्रणमा सक्रिय रहेको दाबी गरे । सूचनाका आधारमा बिहीवार पर्सा जिल्लाका विभिन्न गापामा लगाइएको गाँजाखेती नष्ट गरिएको उनले बताए ।





गाँजा फँडानी गरेकोजस्तै गर्दै प्रहरी । तस्वीरः प्रतीक

**विभिन्न स्थानका गाँजाखेती नष्ट**

**प्रस, पंचगावाँ/**

जिल्ला प्रहरी कार्यालय, पर्सा अन्तर्गतका विभिन्न प्रहरी युनिटहरूले बिहीवार राति विभिन्न गाउँपालिकाहरूमा लगाइएको गाँजाखेती नष्ट गरेका छन् ।

इप्रका, सेढवा र प्रहरी चौकी महादेवपट्टिको टोलीले जीराभवानी गापा–१ मा छ कट्ठा गाँजाखेती नष्ट गरेको छ। सूचनाका आधारमा प्रहरीले लुकाएर गरिएको गाँजाको ५२ सय बोट फँडानी गरी नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय पर्साका सूचना अधिकारी, प्रहरी नायब उपरीक्षक कुमारविक्रम थापाले बताए ।

**प्रस, पर्सागढी/**

यसैगरी, इलाका प्रहरी कार्यालय, पटेर्वासुगौली र रङ्गपुर प्रहरी चौकीको टोलीले पटेर्वासुगौली गापा–२ बेल्वामा लगाइएको पाँच धुर गाँजाखेती नष्ट गरेको छ । यसैगरी, इलाका प्रहरी कार्यालय, ठोरीले आठ हजार गाँजाका बोट नष्ट गरेको जनाएको छ । ठोरी गापा–३ र ४ मा १० कट्ठामा गाँजाखेती गरिएको र इप्रका, ठोरीका प्रमुख सन्तोष राईको कमान्डमा खटेका प्रहरीले नष्ट गरेको सूचना अधिकारी थापाले बताए। उनले गाँजाखेती गरिएका जग्गाधनीहरू र खेती गर्ने व्यक्तिको पहिचान गरी आवश्यक कानूनी कारबाहीको लागि पहल भइरहेको बताए ।

## दलद्वारा कर्मचारी भर्नाको विरोध

प्रस, परवानीपुर, १४ मङ्सिर/

पर्साको पोखरिया नगरपालिकाले गत मङ्सिर ७ र १० गते ४२ जना करारका कर्मचारीका लागि प्रकाशित गरेको विज्ञापनको राजनीतिक दलहरूले विरोध गरेका छन् । कर्मचारी भर्नाको लागि ऐन कानूनविपरीत सूचना प्रकाशित गरेको भन्दै उनीहरूले विरोध जनाएका हुन् । विभिन्न पदमा समावेशी सिद्धान्तविपरीत र मात्र मौखिक अन्तर्वार्ताको माध्यमबाट आफ्ना नजीकका व्यक्तिहरूलाई आर्थिक लेनदेनको भरमा कर्मचारी भर्ना गर्न लागिएको दलहरूले आरोप लगाएका छन्। जारी सूचनाबाट नगरपालिकामा थप आर्थिक भार बढ्ने भन्दै राजनीतिक दलहरूले विरोध गरेका हुन् । नेपाली काङ्ग्रेसका क्षेत्रीय सचिव सुरेन्द्रप्रसाद सिंह, जसपा नेपाल पोखरिया नगर अध्यक्ष राजु साह तेली, नेकपा माओवादी केन्द्र पोखरिया नगर अध्यक्ष पन्नालाल पटेल, रास्वपा जिल्ला संयोजक दिलीपकुमार कुर्मी गरी चारजनाले संयुक्त विज्ञप्ति जारी गर्दै पोखरिया नगरपालिकाको कामकारबाहीको विरोध गरेका हुन् ।



प्रेस विज्ञप्ति देखाउँदै राजनीतिक दलका प्रतिनिधिहरू । तस्वीरः प्रतीक

उनीहरूले भर्ना प्रक्रिया अविलम्ब स्थगित गरी हालसम्म पोखरिया नगरपालिकामा अस्थायी, स्थायी, करार र ज्यालादारी कर्मचारीहरूको समेत सङ्ख्या सार्वजनिक गरी आवश्यक जनशक्ति मात्र पदपूर्तिको लागि नियमसङ्गत सूचना प्रकाशत गर्न माग गरेका छन्। उनीहरूले यो प्रक्रिया एक साताभित्र मिलान नगरे चरणबद्ध आन्दोलनको कार्यक्रम घोषणा गरी आन्दोलन गर्ने चेतावनी दिएका छन् ।

## पार्टीप्रति निष्ठावान्ले सम्मान पाउँछ –सांसद सिंह

प्रस, वीरगंज, १४ मङ्सिर/

नेपाली काङ्ग्रेसका केन्द्रीय सदस्य एवं सङ्घीय सांसद प्रकाशमान सिंहले पार्टीका निष्ठावान् कार्यकर्ताले सम्मान पाउने बताएका छन् ।





कार्यक्रममा पूर्वमन्त्री प्रकाशमान सिंह । तस्वीरः प्रतीक

वीरगंजमा बिहीवार नेका, पर्साका दुई नेता स्व अशोक जयसवाल र जङ्गबहादुर कुर्मीको १३औं दिनको पुण्यतिथिमा आयोजित श्रद्धाञ्जलिसभामा उनले नेकाको लागि निष्ठापूर्वक लागेका व्यक्तिहरूका लागि पार्टीले पनि मूल्याङ्कन गर्दै आएको बताए। उनले नेकालाई हाम्रो र राम्रो पार्टीको रूपमा जनतासमक्ष स्थापित गर्न कार्यकर्ताहरूको भूमिका प्रभावकारी हुने र यस कार्यमा स्व जयसवाल र कुर्मीले भूमिका खेलेको बताए ।

नेका, पर्साका सभापति एवं प्रदेशसभा सदस्य जनार्दन सिंह क्षत्रीले झोले काङ्ग्रेस बन्ने दिन समाप्त भएको र पार्टीका लागि आगामी दिनमा इमानदारी साथ दैनिक दुई घण्टा दिए पुग्ने बताए । आफूहरू २४ घण्टा पार्टीका लागि समर्पित भएपनि अबका युवाहरूले भने इमानदारीका साथ दुई घण्टा दिए पुग्ने बताए । उनले पार्टीका लागि वर्षभरि समर्पित हुने तर चुनावका बेला भने अन्यत्र जाने प्रवृत्ति रोकिनुपर्ने बताए। अध्यक्ष क्षत्रीले युवाहरू शिक्षाका साथै रोजगारमा लागेर पार्टीप्रति वफादार हुनुपर्ने सुझाए ।

स्व कुर्मीको वीरगंज–१४ पिपरा र स्व जयसवालको पार्टी कार्यालयमा भएको श्रद्धाञ्जलिसभामा केन्द्रीय सदस्य एवं सङ्घीइ सांसद अजयकुमार चौरसिया, राजन केसी, पूर्वमन्त्री सुरेन्द्र चौधरी, संविधानसभा सदस्य अनिल रूँगटा, अजय द्विवेदी, प्रदेशसभा सदस्य श्याम पटेल, नेका, पर्साका उपसभापति रामनारायण कुर्मी, सचिव इम्तियाज आलमलगायतले श्रद्धाञ्जलि अर्पण गरेका थिए ।

## बिहेको लगनमा पनि गुलजार भएन वीरगंजका होटल तथा पार्टी प्यालेस

राधेश्याम पटेल, वीरगंज, १४ मङ्सिर/

बितेका वर्षमा मङ्सिर महीनामा गुलजार देखिने वीरगंजका होटल तथा पार्टी प्यालेसहरू यस वर्ष सुनसान देखिएका छन्। कुल क्षमताको एक तिहाइ अर्थात् ३३ प्रतिशत मात्र वीरगंजका होटल तथा पार्टी प्यालेसको अकुपेन्सी रहेको बताइएको छ। मङ्सिर महीनामा अन्य महीनाभन्दा बढी भीडभाड र बुकिङ अत्यधिक हुने गर्थ्यो तर यस वर्ष खासै चहलपहल नदेखिएको व्यवसायीहरू बताउँछन् । मागभन्दा बढी होटल तथा पार्टी प्यालेस सञ्चालनमा आउँदा वीरगंजका होटल तथा पार्टी प्यालेसको अकुपेन्सी नबढेको होटल तथा पर्यटन व्यवसायी सङ्घ, पर्साले जनाएको छ । सङ्घका अध्यक्ष हरि पन्तले पोहोर/परारभन्दा यस वर्षको बिहेवारीको सिजनमा पनि होटल तथा पार्टी प्यालेसको अकुपेन्सी नबढेकोमा चिन्ता व्यक्त गरे । "बजारमा आर्थिक मन्दी छ, अर्को वीरगंजमा होटल तथा पार्टी प्यालेसहरू दिनदिनै बढ्दै गएका छन्, जसले गर्दा समस्या आएको हो," उनले भने, "बारा/पर्साको बुकिङसँगै भारत बिहारबाट हुने बुकिङ पनि घटेको छ ।"

कोभिडपछि वीरगंजका होटल तथा पार्टी प्यालेस व्यवसाय निरन्तर घाटामा चलिरहेको उनले बताए। "कुल क्षमताको एक तिहाइमा व्यवसाय चल्दा सञ्चालन खर्च जेनतेन धान्न बाध्य छौं," उनले भने। वीरगंजमा चार तारे होटल लर्ड्स दियालो प्लाजा, क्लार्क रिसोर्ट, तीन तारेमा होटल भिस्वा, होटल सुरज, अन्य स्तरीय होटलमा होटल मकालु, पूजन, कुमु, हीरा प्लाजा, कन्ट्री इन, वीरगंज गेटवेलगायत ठूला तथा साना लज गरी ८० वटा होटल सञ्चालनमा छन् ।





त्यसैगरी, टाउन हल, रोयल पार्टी प्यालेस, क्लासिक ब्याङ्क्यूट, साह दरबार पार्टी प्यालेस, कुमु, अनमोल, सोल्टी गार्डेन, ओम, देव, लक्ष्मीनारायण,हरिओम, विन्ध्यवासिनी, डायमन्ड, आदर्श, परम्परालगायत १५ भन्दा बढी पार्टी प्यालेस पछिल्लो पाँच वर्षभित्रै सञ्चालनमा आएका छन्। होटल, पार्टी प्यालेस एवं साना–ठूला रेस्टुराँमैं मात्रै वीरगंजमा २० अर्बभन्दा बढीको लगानी भइसकेको छ । तर सबै होटल तथा पार्टी प्यालेसको कारोबार न्यून देखिएको छ । नेपाली र भारतीय ग्राहकको रोजाइमा वीरगंजका होटल लर्ड्स दियालो, होटल भिस्वा, क्लार्क रिसोर्ट, टाउन हाल, ओम, क्लासिक, अनमोल, हरिओम, रोयल, क्लासिकलगायत बढी बुकिङ हुन्छन् भने बाँकी पार्टी प्यालेसमा बुकिङ कम हुन्छ ।

पार्टी प्यालेस बढी भएकाले बुकिङकर्ताले सबै पार्टी प्यालेस चहारेर मात्रै बुकिङ गर्ने गर्छन्। यसो हुँदा पहिलेको भाउ पनि नपाएको उनीहरूको दुःखेसो छ। बुकिङ दरमा पनि अस्वस्थ प्रतिस्पर्धा बढ्दै गएको देखिएको ओम पार्टी प्यालेसका सञ्चालन मयङ्क मेहता बताउँछन् । प्रतिस्पर्धाका कारण कम मूल्यमा बुकिङ गर्नुपर्ने अवस्था सिर्जना भएको उनको भनाइ छ । उनले तीन वर्षअघि यो सिजनमा धमाधम बुकिङ हुने गरेकामा अहिले त्यो सङ्ख्या धेरै घटेको बताए । उनले होटल तथा पार्टी प्यालेसको बुकिङ प्रायःजसो अनलाइन नै भइरहेकोसमेत बताए ।

वीरगंजका होटल तथा पार्टी

(बाँकी अन्तिम पातामा)

## विचारसार र सूक्तिहरू

**भाग्य सादा कागज हो, त्यसमा जे चाहन्छौं, लेख्न सक्छौं।**


| | |
|---|---|
| प्रकाशक | : प्रतीक प्रकाशन समूह प्रा. लि. , वीरगंज-११ |
| प्रधान सम्पादक | : जगदीशप्रसाद शर्मा |
| व्यवस्थापक/सम्पादक | : विकाश शर्मा |
| सम्पादक | : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप) |
| समाचार सम्पादक | : आर. के. पटेल |
| बारा विशेष प्रतिनिधि | : गम्भीरा सहनी |

मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)

त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५

email: prateekdaily@gmail.com

Website: eprateekdaily.com


## मलमा छल

**पर्सा जिल्लाका किसानहरू गहुँखेती गर्दा पनि मलको अभाव झेल्न बाध्य छन । अहिले जिल्लाको पश्चिम–उत्तर थरुहट क्षेत्रमा धानबाली भित्र्याएका किसानहरू गहुँको बीउ छर्दैछन्। यो क्षेत्रका अधिकांश किसानले धानबाली भित्र्याइसकेका छन् भने धेरैले गहुँको बीउ पनि छरिसकेका छन् । गहुँको बीउ छरेसँगै किसानलाई बाली सपार्न र उत्पादन बढाउनका लागि युरिया, डिएपी र पोटास तीनै थरीका मल आवश्यक हुन्छ। तर जतिखेर किसानहरूलाई मलको आवश्यकता पर्छ, सरकारले उपलब्ध गराउन सक्दैन । प्रत्येक वर्ष यो नियति नेपाली किसानहरूले भोग्दै आएका छन् । धानबाली होस् अथवा गहुँ अनि दलहन, तेलहन, मकै, सुर्ती, उखुबाली नै किन नहोस् किसानहरूले मलको अभाव झेलेकै हुन्छन्। अनि सरकारले पनि प्रत्येक वर्ष प्रत्येक बालीको बेलामा आगामी वर्ष अथवा यसपछिको बालीमा मलको अभाव नहुने वाचा गर्छ । वर्तमान समयमा ससाना बालबालिकाहरू पनि योजनाबद्धरूपमा हिंड्ने गर्छन । कति बजे विद्यालय जाने, कति बजे खाजा खाने, कति बजे गृहकार्य गर्ने, कति बजे खेल्ने, कति बजे मनोरञ्जन गर्ने आदि । तर हाम्रो सरकार भने अहिलेसम्म बालबालिका जस्तो जिम्मेवार पनि बन्न सकेको छैन ।**

**सरकारलाई थाहा छ कुन बेला किसानलाई कुन मलको आवश्यकता पर्छ। अनि त्यो गर्जो टार्नका लागि भने पूर्वतयारी गर्दैन । मलको आयात जिम्मा सङ्घीय सरकारको हो । गणतान्त्रिक नेपाल भएपछि तीन तहको सरकार छ तर तीनै तहका सरकार गैरजिम्मेवार भइदिंदा अहिलेसम्म किसानहरू दु:ख पाउँदै आएका छन् । नेपालमा मल उत्पादन हुँदैन । बाह्य देशबाट मलको आयात गरिन्छ । आयात गर्दा वर्ष दिनका लागि पुग्ने मल आयात गरिन्न । कहिले समयमा ठेक्का हुँदैन भने भइहाल्यो भने पनि ठेकेदारले समयमा मल आयात गरेर ल्याउँदैन। किसानलाई आवश्यक भएको बखत अभाव देखाउने र अभाव टरेपछि आयात भएर आउने मलको कथा अहिलेसम्म बुझिनसक्नुको छ । समयमा मल नपाउँदा किसानहरूको उत्पादन आशाप्रद हुन सकेको छैन । सङ्घ सरकार किसानमैत्री नभएको अवस्थामा प्रदेश सरकार पनि उही पारामा चलिरहेको छ । प्रदेशमा आउने मलको उचित व्यवस्थापन गर्ने र आवश्यक भएको बखत किसानहरूलाई आपूर्ति गर्ने कुरामा प्रदेश सरकारले पनि कुनै चासो देखाउन सकेको छैन। सङ्घ सरकारलाई दोषी देखाएर आफू जोगिनेबाहेक मलको भण्डार गर्ने र आवश्यक परेको बखत किसानलाई उपलब्ध गराउने जिम्मेवारी वहन गर्न सकेको छैन ।**

**दुई तहको सरकारको यो पारालाई किसानहरूको सबैभन्दा नजीकमा रहेर काम गर्ने तेस्रो तह अर्थात् स्थानीय सरकारले पनि यो जिम्मेवारीलाई इमानदारी साथ वहन गर्न सकेको छैन। मलको भण्डार गर्ने, सहकारीहरूमाथि निगरानी बढाउने, कालोबजारी हुन नदिने र किसानहरूलाई आवश्यक भएको बखत मलको आपूर्ति गराउने सवालमा स्थानीय तह पनि लापरवाह नै छ। स्थानीय तहले वार्षिकरूपमा ल्याउने नीति तथा कार्यक्रम किसानहरूका लागि खुशियाली ल्याउने खालको हुनुपर्छ । तर अहिलेसम्म पर्सालगायत सीमावर्ती जिल्लाका किसानहरू मल, बीउबिजनको जोहो छिमेक भारतीय बजारहरूबाट गर्दै आएका छन् । भारतसँग जोडिएका सीमावर्ती जिल्लाका किसानहरूको गर्जो टर्‍यो भनेर खुशी मान्न सकिन्न। देशभरका किसानको मुहारमा कसरी खुशी ल्याउने त्यसतर्फ तीनै तहका सरकार जिम्मेवार हुन आवश्यक छ ।**

# गुमेको लोकप्रियता हासिल गर्ने सङ्कल्प यात्रा

स्वतन्त्र विचार



श्रीमन्नारायण

an_shriman@yahoo.com

**आजको मितिमा जनताले उनलाई स्मरण गर्ने अथवा उनको आवश्यकता महसूस गर्ने कुनै कारण छैन । यो सङ्कल्प यात्राबाट देश र जनताको हितमा कुनै उपलब्धि हुने सम्भावना देखिंदैन ।**

वैचारिक अस्पष्टताको शिकार नेकपा (एमाले)ले पार्टीको गुमेको जनाधारलाई प्राप्त गर्न सङ्कल्प यात्राको थालनी गरेको छ । पश्चिमी नेपालको पहाडी जिल्ला बैतडीको झुलाघाटदेखि पूर्वी पहाड पाँचथरको चिवा भन्ज्याङसम्म मध्यपहाडी लोकमार्ग सङ्कल्प यात्रा थालनी गर्नुको तात्पर्य यस क्षेत्रमा रहेको पार्टीको परम्परागत मतलाई सुरक्षित राख्नु हो । महाधिवेशनको तयारीमा रहेको यस पार्टीको निम्ति सबैभन्दा ठूलो भनेको पुराना एवं वफादार कार्यकर्ताहरूको विश्वासलाई जित्नुका साथै आफ्ना परम्परागत मतदातालाई आफ्नो दरिलो उपस्थितिको अनुभूति गराउनु भयो । केही अघि समाचारहरूमा सार्वजनिक भए अनुसार नेकपा एमालेका १० लाख साधारण सदस्यमध्ये पाँच लाखले यसपालि आफ्नो साधारण सदस्यताको नवीकरण नै गराएनन्। यदि साँच्चीकै यस्तो अवस्था उत्पन्न भएको हो भने यो सामान्य क्षति होइन। नेकपा (एमाले)ले थालनी गरेको कथित सङ्कल्प यात्राको प्रभाव कस्तो रहला ? यो त भविष्यमा हुन सक्ने उपचुनावको परिणामले साबित गर्नेछ। तर तत्कालको निम्ति भने पार्टी कार्यकर्ताको मनोबलमा उत्साह बढाउने कुरामा असहमति जनाउने ठाउँ छैन ।

झन्डै साढे तीन दशकदेखि नेपालको राजनीतिमा प्रभावकारी भूमिका निर्वाह गर्दै आएको नेकपा (एमाले)ले गएको साढे तीन दशकमा तीनवटा विभाजनको सामना गर्नुपर्‍यो । विसं २०५४–५५ सालतिर वामदेव गौतम र सहाना प्रधानले मिलेर नेकपा (माले)को गठन गरेका थिए। मैनाली बन्धुहरू पनि थिए तर विसं २०५६ सालमा भएको आमनिर्वाचनमा नेकपा (माले)ले एउटा सिट पनि जित्न नसकेपछि त्यसका अधिकांश नेता नेकपा (एमाले)मैं फर्केका थिए भने सिपी मैनाली अहिलेसम्म नेकपा (माले)लाई नेतृत्व प्रदान गर्दै आएका छन्। राधाकृष्ण मैनाली पनि शाहीकालमा मन्त्री भई आफूलाई राजाको नजीक पुर्‍याएका थिए । अहिलेसम्म उनको राजनीतिक कित्ता प्रस्ट छैन । नेकपा (एमाले)मा दोस्रो विभाजन २०६८/६९ तिर भएको थियो । जतिबेला पार्टीका उपाध्यक्ष अशोककुमार राईको नेतृत्वमा राजेन्द्र श्रेष्ठ र रणध्वज कन्दङ्वासहित दर्जनौं जनजाति नेताले पार्टीमा विभाजन ल्याइ नेपाल सङ्घीय समाजवादी पार्टीको गठन गरेका थिए। विसं २०७० सालको आमनिर्वाचनमा यस पार्टीले प्रत्यक्षतर्फ एउटा पनि सिट जित्न सकेन तर पूर्वी पहाडमा नेकपा (एमाले)को बलियो साङ्गठनिक गढमा ठूलो रेक्टरको परकम्प अवश्य पनि ल्याइदिएको थियो। तत्काल त नेकपा (एमाले)लाई यसबाट बढी क्षति पुगेको थिएन तर गत वर्षको आमनिर्वाचनमा यसको प्रभाव देखियो । भूतपूर्व प्रधानमन्त्री एवं नेकपा (एमाले)का पूर्वअध्यक्ष झलनाथ खनालले पार्टीका अर्का अध्यक्ष एवं भूतपूर्व प्रधानमन्त्री माधवकुमार नेपालको नेतृत्वमा नयाँ राजनीतिक सङ्गठन नेकपा (एकीकृत समाजवादी)को गठन गरेपछि कोशी प्रदेशमा नेकपा (एमाले) निकै कमजोर भएको छ । पार्टीका वरिष्ठ नेता सुवासचन्द्र नेम्वाङको असामयिक निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको छ । पहिचान पक्षधरहरूले नेकपा (एमाले)का सचिव योगेश भट्टराईलाई इलाम तथा पाँचथरमा अपमानित गर्नु अथवा विरोध गर्नु पार्टीको निम्ति ठूलो धक्का हो । नेकपा (एमाले)को गढ मानिएको र पार्टी अध्यक्ष केपी शर्मा ओलीको गृहजिल्ला रहेको झापामा समेत पार्टी अध्यक्ष ओलीका दाहिने हात महेश बस्नेतको गाडी तोडफोड हुनु कोशी प्रदेशमा पार्टीको घट्दो लोकप्रियताको परिचायक हो । झापा भनेको अब केवल केपी शर्मा ओलीको गृहजिल्ला मात्रै रहेन । यो राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देनको पनि गृहजिल्ला हो र नेकपा (एमाले)को विरोधमा डटेर उभेका मेडिकल व्यवसायी दुर्गा प्रसाईंको पनि गृहजिल्ला हो । कोशी प्रदेशको नामकरणमा नेकपा (एमाले)ले देखाएको अडानले उसलाई जनजातिमाझ खलपात्रको रूपमा मात्रै परिभाषित गरेको छैन, अपितु कोशी प्रदेश सरकारको गठनमा नेपाली काङ्ग्रेसलाई समर्थन दिएर पनि नेकपा (एमाले)ले मन्त्रिमण्डलमा स्थान पाउन नसक्नु उसको रणनीतिक र राजनीतिक असफलता पनि हो। अब कोशी प्रदेशमा नेकपा (एमाले)को अवस्था विगतको जस्तो नरहने निश्चित छ।

सङ्घीय राजधानी काठमाडौं, पोखरा, हेटौंडा, सुर्खेत, बुटवल, धरान, इटहरी, चितवन, तनहुँ आदि देशका महत्त्वपूर्ण शहरी क्षेत्रमा रवि लामिछाने नेतृत्वको राष्ट्रिय स्वतन्त्र पार्टीको प्रभाव बढ्दै गएको छ। रास्वपाको जनाधारमा वृद्धि हुनुको अर्थ नेकपा (एमाले) कमजोर हुनु हो । १० महीनाअघि भएको उपचुनावमा नेकपा (एमाले)ले तनहुँ, चितवन र बारामा समेत तेस्रो नम्बरमा चित्त बुझाउनुले पार्टीको घट्दो प्रभावलाई दर्शाउँछ। पूर्व–पश्चिम राजमार्ग क्षेत्रमा रास्वपा र राप्रपाको लोकप्रियता बढेको छ । नेपाली काङ्ग्रेसको परम्परागत मतमा कमी आउने सम्भावना छैन । माधवकुमार नेपाल नेतृत्वको नेकपा (एकीकृत समाजवादी)ले आउँदो निर्वाचनसम्म आफ्नो स्वतन्त्र अस्तित्व कायम राख्न सक्यो भने नेकपा (एमाले)लाई ठूलो क्षति पुर्‍याउन सक्छ। माधवकुमार नेपालले डेढ दशकसम्म नेकपा (एमाले)लाई नेतृत्व प्रदान गरिसकेका कारण उनको आफ्नो नाम, लोकप्रियता र ख्याति छ। तत्काल उनले केही चुनौतीका सामना गर्नु परे पनि कालान्तरमा उनको पार्टी सशक्त हुन सक्ने सम्भावनालाई खारेज गर्न सकिंदैन। माधवकुमार नेपाल वर्तमान परिस्थितिमा देश प्रमुख तीन/चार नेताहरूमध्ये एक हुन् ।

मधेस प्रदेशमा तत्काल नेकपा (एमाले)को अवस्था सन्तोषजनक मान्न सकिन्छ । पार्टीले लहानमा सचिवालय बैठक सम्पन्न गर्नुको कारण पनि यहीं नै हो। मधेस प्रदेशमा लोसपाको खस्किंदो जनाधारलाई आफ्नो पक्षमा तान्न नेकपा (एमाले)ले निकै प्रयास गरिरहेको छ । प्रत्येक जिल्लामा जातीय आधार भएका नेताहरू पनि नेकपा (एमाले)मा छन् । तसर्थ तत्काल पार्टीको अवस्था उत्साहवर्धक देखिन्छ तर कथंकदाचित् सत्ताधारी गठबन्धनले तीन वर्षसम्म सङ्घीय सरकारको नेतृत्व गर्न सक्यो भने मधेस प्रदेशमा नेकपा (एमाले)को सङ्गठनमा ठूलो पहिरो जानेछ । मधेस प्रदेशको राजनीतिमा प्रहरी प्रशासनले ठूलो भूमिकाको निर्वाह गर्छ । नेकपा (माओवादी केन्द्र), नेकपा (एकीकृत समाजवादी) र नेकपा (एमाले)को भोट बैंक कमोवेश एकै प्रकृतिको रहेको छ। पूर्व–पश्चिम राजमार्ग क्षेत्रमा रवि लामिछाने र राप्रपाले नेकपा (एमाले)को मतमा विभाजन ल्याउने र नेपाली काङ्ग्रेसलाई यसबाट लाभ पुग्ने निश्चित जस्तै छ। रास्वपाले पनि चुनाव जित्न सक्छ। लोसपाबाट असन्तुष्टहरू जनमत पार्टी र नेपाली काङ्ग्रेसतिर जान सक्छन् । नेकपा (एकीकृत समाजवादी)तिर पनि लाग्न सक्छन् ।

नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा ओलीको सम्बोधनमा पनि अब त्यस्तो आकर्षण रहेन। उनले दिन सक्ने कुनै भिजन पनि छैन। २०७२ सालमा मधेस आन्दोलनका कारण दक्षिणी सीमानाका बन्द हुँदा ओलीले चीनसित डेढ दर्जन सम्झौता गरेका थिए, जसमा चीनले नेपाललाई समुद्री बन्दरगाह र सडकमार्ग उपलब्ध गराउने कुरा थियो तर विगत आठ वर्षसम्म त चीनले आफ्नो नाका सुचारु नै हुन दिएन। यसले पनि ओलीको चीन भ्रमणलाई असफल साबित गरिदिएको छ। पानीजहाजको कुरा र घरघरमा खाना पकाउने ग्याँसको पाइपलाइन पुर्‍याउने कुरा पनि हावामैं छ । 'समृद्ध नेपाल, सुखी नेपाली'को नाराले पनि मूर्त रूप लिन सकेन । ओलीको शासनकालमा नेपालको परराष्ट्र सम्बन्ध निकै कमजोर थियो। नेपालमाथि न त भारत, न त चीन र न त पश्चिमाहरूले नै विश्वास गरेका थिए । नेकपा (एमाले)का अध्यक्ष केपी शर्मा प्रधानमन्त्रीको पदमा बसेर केवल सस्तो लोकप्रियता पाउने खालका नारा र कार्यक्रम दिने काम गरे तर समाधान भने गरेनन् । नयाँ नक्शा त कोरे तर त्यसको भूभागको प्राप्ति कसरी र कहिले गर्नेबारे न कुनै तरीका बताए, न त मिति र तिथि नै । दक्षिणी छिमेकी भारतसितको सम्बन्धलाई बिगार्ने काम मात्रै गरे । आजको मितिमा जनताले उनलाई स्मरण गर्ने अथवा उनको आवश्यकता महसूस गर्ने कुनै कारण छैन। यो सङ्कल्प यात्राबाट देश र जनताको हितमा कुनै उपलब्धि हुने सम्भावना देखिंदैन।

# नेपाली विमानका लागि युरोपेली आकाश खुलेन

काठमाडौं, १४ मङ्सिर/रासस

युरोपेली सङ्घ (इयू)ले नेपालका विमानसेवामाथिको प्रतिबन्धलाई निरन्तरता दिएको छ।

इयूले बुधवार नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणलाई त्यससम्बन्धी पत्र पठाउँदै आफ्नो आकाश खुला नगरिएको जनाएको हो। नियामक र सेवाप्रदायक निकाय बेग्लाबेग्लै हुनुपर्ने भन्दै इयूले नेपाली वायुसेवामाथि १० वर्षदेखि प्रतिबन्ध लगाउँदै आएको छ।

इयूको प्राविधिक टोलीले हालै गरेको स्थलगत अध्ययन प्रतिवेदनबारे जानकारी दिन आज आयोजित पत्रकार सम्मेलनमा प्राधिकरणका महानिर्देशक प्रदीप अधिकारीले गत कात्तिक २८ मा ब्रसेल्समा भएको सुनुवाइका आधारमा तयार पारिएको प्रतिवेदनमा नेपाली विमानमाथिको प्रतिबन्ध नहटाइएको जानकारी दिए। इयूका प्रतिनिधिमण्डलले भदौ २५ देखि २९ गतेसम्म नेपालमा नेपाल नागरिक उड्डयन प्राधिकरण, नेपाल वायुसेवा निगम र श्री एयरलायन्सको स्थलगत अवलोकन तथा स्थिति मूल्याङ्कन गरेको थियो । इयूले प्रतिवेदनको निष्कर्ष सुरक्षासूचीबाट नेपाल नहटेको जनाउँदै पत्राचार गरेको थियो।

**राष्ट्रिय ध्वजावाहकमाथि दोषारोपण**

प्रतिवेदनले नेपाल वायुसेवा निगमको संस्थागत कमजोरीहरू औंल्याउँदै निगमको नेतृत्व, प्रक्रियागत पद्धति तथा समग्र प्रणालीमा व्यापक सुधार गरिनुपर्ने सुझाव दिएको छ। "सुरक्षा व्यवस्थापन प्रणाली (एसएमएस) पालना नगरेको, प्राधिकरणले वार्षिक गर्ने संपरीक्षणमा औंल्याएका कमीकमजोरी सुधार नगरेको, संपरीक्षण सूचीको गुणस्तर सुधार नगरेको, उडान सयमको निश्चितता, हवाई कागजात व्यवस्थापन तथा सुझाव कार्यान्वयनजस्ता पक्षमा गम्भीर कमजोरी रहेको, वायुयानको उडान योग्यता तथा क्षमता सम्बन्धमा गर्नुपर्ने आवश्यक नियमन तथा सुरक्षा चासोमा कमी देखिएको," प्रतिवेदनमा उल्लेख गरिएको छ।

यसैगरी, श्री एयरलाइन्सको वर्तमान कार्यपद्धति सन्तोषजनक रहे पनि थप सुधारका लागि प्रभावकारी कार्यप्रणाली एवं कार्यपद्धति अवलम्बन गर्न प्रतिवेदनमा सुझाइएको छ । कम्पनीको उडान सञ्चालन नीतिमा सुधार गर्नुपर्ने, उडान योजना, चालक दलको थकान व्यवस्थापन नगरिएको प्रतिवेदनमा औंल्याइएको छ।

इयूको कालोसूचीबाट निस्कन नेपाल सरकारले गरेका प्रयासको सराहना गरिए पनि प्रतिवेदनमा राजनीतिक नेतृत्वलाई रचनात्मक भूमिका निर्वाह गर्न आग्रह गरिएको छ । प्राधिकरणले अङ्गीकार गरेको सङ्गठनात्मक संरचना, कानूनी प्रबन्धप्रति सन्तोष जनाउँदै इयूले नेपालको हवाई सुरक्षा सुधारका निम्ति निरन्तर सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेको छ।

# डिजेल, पेट्रोलको मूल्य घट्यो

काठमाडौं, १४ मङ्सिर/रासस

नेपाल आयल निगमले डिजेल र पेट्रोलको मूल्य घटाएको छ। इन्डियन आयल कर्पोरेशन (आइओसी)बाट खरीद मूल्य घटेर आएपछि निगमले पेट्रोलियम पदार्थको मूल्य घटाएको हो। शुक्रवार बिहान १ बजेदेखि लागू हुनेगरी साबिकको खुद्रा बिक्री मूल्यमा पेट्रोलमा प्रतिलिटर रु दुई तथा डिजेल/मटीतेलमा प्रतिलिटर रु चारले घटाइएको निगमका प्रवक्ता मनोज ठाकुरले जानकारी दिए।

निगमले पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा पेट्रोलको मूल्य प्रतिलिटर क्रमशः १६७ रुपैयाँ ५० पैसा, १६९ रुपैयाँ र १७० रुपैयाँ तोकेको छ। यस्तै, पहिलो, दोस्रो र तेस्रो वर्गका क्षेत्रमा डिजेल/मटीतेलको मूल्य प्रतिलिटर क्रमशः १५७ रुपैयाँ ५० पैसा, १५९ रुपैयाँ र १६० रुपैयाँ कायम गरेको छ।

आइओसीले आज नयाँ बिक्री मूल्य पठाउँदै साबिकको मूल्यमा पेट्रोलमा प्रतिलिटर दुई रुपैयाँ १२ पैसा र डिजेलको मूल्य प्रतिलिटर चार रुपैयाँ नौ पैसा घटेको जानकारी दिएको निगमले जनाएको छ।



सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन: ९८४५११९४४८

# अर्थ – उद्योग – वाणिज्य

## वर्तमान अन्दोलनको मुख्य कारण आर्थिक समस्या

अर्थविशेष



विश्वराज अधिकारी
akoutilya@gmail.com

**कुनै नेता, राजनीतिक दल वा व्यवस्था निर्विकल्प भने हुँदैन। लामो समयसम्म जनता चुप लागेर बसेको अवस्थालाई यी नेता (देउवा, दाहाल, नेपाल, ओली आदि)हरूले हामीले जे गर्छौं, त्यो जनताले चुपचाप सहनेछ भनी नसोचे हुन्छ। वर्तमानको जनसङ्घर्षले यी नेताहरूलाई त्यही सन्देश दिइरहेको छ।**

अहिले आर्थिक क्षेत्रमा लेख्नुपर्ने विषयहरू धेरै छन्। विप्रेषणले देशको अर्थतन्त्रलाई बिरामी अवस्थामा पुर्याउँदै छ। देशका उद्योग र व्यापार सुस्त गतिमा छन्। कतिपय व्यापारहरू बन्दसमेत हुँदैछन्। देशमा जनशक्तिको अभाव भएर राष्ट्रिय कृषि दयनीय अवस्थामा पुगेको छ। पर्यटन क्षेत्रले गति लिन सकेको छैन। राष्ट्रिय उत्पादन घटेर नेपाल छिमेकी राष्ट्र (भारत र चीन)को भरपर्दो बजार बन्दै गएको छ। बेरोजगारीका कारण युवाहरूमा चरम निराशा छ। यस्ता अनेक विषयहरू छन्, लेख्नुपर्ने। तर यी सबैभन्दा महत्त्वपूर्ण विषय भनेको हाल नेपाल अशान्त हुनुको कारण खोज्नु रहेको छ। त्यसैले त्यस उपर चर्चा परिचर्चा गर्नु रहेको छ।

नेपाल अहिले अशान्त हुनुको मुख्य कारण भनेको आर्थिक नै रहेको छ। विभिन्न व्यक्ति र संस्थाहरू वर्तमान सरकार, सरकारका घटक दल र अन्य दलहरूको विरोधमा सडकमा आउनुको मुख्य कारण आर्थिक नै रहेको छ। अहिले जनता वर्तमान सरकारको विरोधमा सडकमा आएका हो। पुष्पकमल दाहाल, माधवकुमार नेपाल, शेरबहादुर देउवा, झलनाथ खनाल, बाबुराम भट्टराई, केपी शर्मा ओली आदिका कार्यशैलीको विरोधमा आएको हो। उनीहरूको सत्तामुखी प्रवृत्तिको विरोधमा सडकमा आएको हो। राष्ट्रिय राजनीतिलाई हामीले हाम्रोवरिपरि घुमाउन सक्छौं भन्ने उनीहरूको मनोमानी एवं दम्भको विरोधमा सडकमा आएको हो।

अहिले जनता सडकमा वर्तमान राजनीतिक व्यवस्थाको विरोधमा आएको होइन। वर्तमान राजनीतिक व्यवस्थामा सुधार होस् भन्ने माग लिएर जनता सडकमा आएको हो। जनता सङ्घीयता र गणतन्त्रको विरोधमा सडकमा आएको हो। जनता प्रजातन्त्रको विरोधमा सडकमा आएको होइन।

तर जनता प्रजातन्त्रको विरोधमा सडकमा आएको हो भन्ने भ्रम पार्न अनेक व्यक्ति र संस्थाहरू लागिपरेका छन्। सरकारमा रहेका दललगायत अन्य केही दलहरू पनि आफ्नो असफलता र अलोकप्रियता ढाक्न वर्तमान जनसङ्घर्ष प्रजातन्त्रको विरोधमा रहेको प्रचार गर्दैछन्। जुन नेता (दाहाल, देउवा, ओली आदि)हरूको असफल कार्यशैलीका कारण जनता सडकमा आयो, उनीहरू नै चर्को स्वरमा जनता प्रजातन्त्रको विरोधमा सडकमा आएको हो भन्दैछन्। जनताको ध्यान उनीहरूको दोषतिर होइन, अन्यत्र जाओस्, त्यस्तो रणनीतिसहित बोल्दैछन्। खासमा भन्ने हो भने नेपालमा अहिले प्रजातन्त्र छैन, गणतन्त्र छ। दुई/चार नेताहरूको मनोमानीतन्त्र छ। यो गणतन्त्र होइन, दुई/चार नेताहरूको मनोमानीतन्त्र रहेको सत्य जगजाहेर छ।

अहिले नेपालमा संवैधानिक राजतन्त्र पनि छैन। कसको इच्छामा गणतन्त्र आयो र प्रजातन्त्र गयो? कसको इच्छामा संवैधानिक राजतन्त्र गयो? त्यो त आउने समयले प्रस्ट पार्नेछ तर एउटा कुरा के प्रस्ट छ भने नेपालमा गणतन्त्र स्थापना र संवैधानिक राजतन्त्रको समाप्ति जनताको इच्छा अनुसार भएको थिएन। जनताको इच्छा अनुसार नेपाललाई धर्मनिरपेक्ष राज्य घोषणा पनि गरिएको थिएन। २०४६ सालमा भएको जनसङ्घर्ष पञ्चायती व्यवस्थाको विरोधमा भएको थियो। नेपालबाट सदाका लागि राजतन्त्र समाप्त पार्ने भनी न त एमालेको, न त नेपाली काङ्ग्रेसको, उक्त सङ्घर्षको एजेन्डामा थियो। नेपालबाट सदाका लागि राजतन्त्र समाप्त पार्ने दुवै दलको राजनीतिक एजेन्डा थिएन। राजतन्त्र समाप्त पार्ने केवल माओवादीको एजेन्डा थियो।

यो लेखको उद्देश्य राजनीतिक विश्लेषण गर्नु होइन। तर नेपालको राजनीतिले राष्ट्रको अर्थतन्त्रलाई कति कमजोर तुल्यायो, त्यो भने विश्लेषण गर्नु हो। गणतन्त्रको नाममा भएको लुटतन्त्रले देशको अर्थव्यवस्थालई कतिसम्म र कसरी बर्बाद पार्‍यो, त्यो विश्लेषण गर्नु हो। केही नेताहरूको मनोमानी प्रवृत्तिले देश आज विप्रेषणमुखी हुनुपर्‍यो, स्वदेशमा रोजगार गुम्यो आदिबारे चर्चा गर्नु हो।

२०४६ सालको राजनीतिक परिवर्तनपछि र खासगरी मुलुकमा गणतन्त्र स्थापना भएपछि देशको अर्थतन्त्रले किन गति लिन सकेन, त्यसबारे हामी यस आलेखमा चर्चा गर्नेछौं। जनता सडकमा आउनुका कारणहरू खोज्नेछौं। एमाले, नेपाली काङ्ग्रेस र मुख्यगरी माओवादीको कारणले गर्दा देशको अर्थतन्त्र धराशयी हुन पुगेको हो।

राष्ट्रिय अर्थतन्त्रको विकासको लागि शान्ति र स्थिर सरकारको आवश्यकता पर्छ। देशमा शान्ति र स्थिरता भएपछि मात्र स्वदेशी एवं विदेशी लगानीकर्ताहरू लगानी गर्न प्रोत्साहित हुन्छन्। तर सत्ता र कुर्सीमा मात्र अर्जुनदृष्टि राख्ने यी दलका नेताहरू आर्थिक विकासका लागि कहिले एकजुट भएनन्। सदा सङ्घर्षरत रहे। छलकपट गरे। विभाजित रहे। सत्ताका लागि यिनीहरूबीच हुने कलह र दाउपेंचले गर्दा देश कहिले पनि शान्त हुन सकेन। सदा अस्थिर रह्यो। परिणाम, देश कङ्गाल हुन पुग्यो। आफ्नो देशमा रोजगार नपाएर युवाहरू खाडीका अनेक देशलगायत अमेरिका, युरोप, अस्ट्रेलिया, अफ्रिकासम्म पुग्नुपर्ने भयो। देशको आफ्नो उत्पादन घटेर राष्ट्र पूर्णरूपमा विप्रेषणमा आश्रित हुन पुग्यो। देशमा आर्थिक विकास नहुनुका मुख्य कारण एमाले, नेपाली काङ्ग्रेस र माओवादीले निरन्तर देशमा कलह मच्चाउनु हो। उनीहरूका स्वार्थी कार्यहरू आर्थिक विकासको बाधक बन्नु हो। देशमा आर्थिक विकासका लागि शेरबहादुर देउवा, केपी शर्मा ओली, पुष्पकमल दाहाल, माधवकुमार नेपाल, बाबुराम भट्टराई आदिले मिलेर कार्य गर्नुपर्थ्यो। तर उल्टो सत्ता र शक्तिका लागि यिनीहरूले आफू-आफूबीच नै काटाकाट गरे। एकअर्काको खुट्टा तानाताना गरे। यिनीहरूको व्यवहारले गर्दा नै देशमा आर्थिक विकास हुन नसकेको यथार्थ जनताले बुझेर यी नेताहरूको विरोधमा जनता सडकमा आउँदा अब यिनीहरू एकअर्काको नजीक भएका छन्, मिलेका छन्। आफूहरू चोखिन र जोगिन जनता वर्तमान व्यवस्थाको विरोधमा सडकमा आएको दुष्प्रचार गर्दैछन्। तर जनतालाई अब प्रस्ट थाहा भइसकेको छ, यी नेताहरू नेपाली राजनीतिमा सक्रिय रहेसम्म, वर्तमान राजनीतिक व्यवस्थामा सुधार नभएसम्म नेपालको आर्थिक विकास सम्भव छैन। नेपालको आर्थिक विकासका लागि यी नेताहरूले राजनीतिबाट संन्यास लिनैपर्छ। यी नेताहरूले १०औं पटक प्रधानमन्त्री बन्ने सपना देख्न छोड्नैपर्छ।

अहिलेको जनसङ्घर्षको नेतृत्व दुर्गा प्रसाईंले गरेको जस्तो देखिएको छ। दुर्गा प्रसाईं एक संयोग बढी हुन्, नेता कम हुन्। एक खास अवस्था (राष्ट्रिय गरीबी)ले उनलाई नेताजस्तो तुल्याएको हो। दुर्गा प्रसाईं पहिले सडकमा आउन पुगे, तर जनता पनि उहिलेदेखि सडकमा आउन तयार थियो। वर्तमान व्यवस्थामा सुधारका लागि जनताले आवाज उहिले उठाएको हो, सडकमा मात्र आउन नसकेको हो। जनतालाई दुर्गा प्रसाईंले सडकमा आउन वातावरण तयार पारिदिएका हुन्। दुर्गा प्रसाईंले जनतालाई सडकमा आउन प्रेरित नगरेको भए वा उनी राजनीतिमा यसरी नआएको भए, कालान्तरमा जनता स्वस्फूर्तरूपमा सडकमा आउने थियो। जनता यी नेताहरूको कार्यशैलीबाट थाकेर यिनीहरूको विकल्प खोज्ने मनस्थितिमा पुगिसकेको थियो।

वर्तमान राजनीतिक व्यवस्थामा सुधार नभएसम्म देशको आर्थिक विकास सम्भव छैन। वर्तमान राजनीतिक व्यवस्थामा सुधार हुनैपर्छ।

देशको आर्थिक विकासका लागि गणतन्त्र खारेज हुनुपर्छ। संवैधानिक राजतन्त्रको स्थापना हुनुपर्छ। सङ्घीयता खारेज हुनुपर्छ। निर्वाचन प्रणालीमा रहेको समानुपातिक व्यवस्था सदाका लागि समाप्त हुनुपर्छ। प्रत्यक्ष निर्वाचनबाट प्रधानमनत्रीको छनोट हुनुपर्छ। यी कुराहरूको माग गर्न नै जनता अहिले सडकमा आएको हो। जनता प्रजातन्त्रको विरोध गर्न, समाप्त गर्न सडकमा आएको होइन। जनताका यी मागहरू पूरा हुनैपर्छ।

जनताले खोजेका यी परिवर्तनहरू नेका र एमालेले समयमा बुझोस् र सोही अनुसार कार्य गरोस्। यदि यी दुई जिम्मेवार दलले समयमा नै यी तथ्यहरू बुझेनन् भने यो आन्दोलनले अर्को दिशा पनि लिन सक्छ। र नेपाल थप राजनीति सङ्कटको दलदलमा फस्न सक्छ। वा अर्को तानाशाही व्यवस्थाको उदय हुन सक्छ। देश अन्तर्राष्ट्रिय शक्तिको गोटी बन्न सक्छ। थप रक्तपात हुन सक्छ।

कुनै नेता, राजनीतिक दल वा व्यवस्था निर्विकल्प भने हुँदैन। लामो समयसम्म जनता चुप लागेर बसेको अवस्थालाई यी नेता (देउवा, दाहाल, नेपाल, ओली आदि)हरूले हामीले जे गर्छौं, त्यो जनताले चुपचाप सहनेछ भनी नसोचे हुन्छ। वर्तमानको जनसङ्घर्षले यी नेताहरूलाई त्यही सन्देश दिइरहेको छ।

## कोप-२८ : सम्बोधन होला त नेपालजस्ता देशको माग ?

काठमाडौं, १४ मङ्सिर/रासस

मानव र समग्र प्राणी जगत्को अस्तित्वमाथि नै खतरा पैदा भएको भन्दै संसारभरका राष्ट्रप्रमुख र सरकार प्रमुखहरूको महाभेला बिहीवारदेखि संयुक्त अरब इमिरेट्समा शुरू भएको छ। संयुक्त




राष्ट्रसङ्घले जलवायुका सन्दर्भमा छलफल गर्न आयोजना गर्ने वार्षिक बैठकको २८औं संस्करण दुबईमा शुरू भएको हो। यसलाई कोप-२८ को नाम दिइएको छ।

कोपमा अङ्ग्रेजी वर्णमालाका तीन अक्षर छन्- सिओपी। यसको पूरा अर्थ कम्फ्रेन्स अफ पार्टिज वा पक्ष राष्ट्रहरूको सम्मेलन भन्ने हो। जलवायु र पारिस्थितिक प्रणालीमा समस्या पैदा भएको निष्कर्षका साथ सन् १९९२ देखि नै संयुक्त राष्ट्रसङ्घले यसको अभियान शुरू गरेको हो। राष्ट्रसङ्घीय जलवायु सहमतिमा हस्ताक्षर गर्ने राष्ट्रलाई पक्ष राष्ट्र भन्दै यो अभियान शुरू गरिएको थियो। सो सम्मेलनमा सहभागी हुन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको नेतृत्वमा एक प्रतिनिधिमण्डल दुबई पुगेको छ।

हाम्रो पृथ्वीको पारिस्थितिक प्रणालीमा ठूलो खतरा पैदा भएको छ। अतिवृष्टि, अनावृष्टि, लामो खडेरीका अलावा निरन्तर हिमनदी पग्लन थालेको छ। यसबाट विश्वव्यापीरूपमा पानीको सङ्कट, प्राकृतिक विपत्तिको अलावा मानवीय सङ्कटसमेत पैदा भएको छ। त्यसलाई कम गर्न तथा पृथ्वी सबैको साझा घर हो भन्ने मान्यतालाई थप मुखर गराउनका लागि यस सम्मेलनमा महत्त्वपूर्ण छलफल हुने विश्वास लिइएको छ।

जानकारहरूले अन्टान्टिका महादेशमा लगातार हिउँ पग्लनु, अस्ट्रेलिया र अमेजनका जङ्गलमा लागेको डढेलोसम्मलाई पनि जलवायु परिवर्तनका सङ्केतहरूका रूपमा अर्थ्याएका छन्। यस खालको विश्वव्यापी सङ्कटको बहुआयामिक आयाममा गहिरो अनुसन्धान गर्ने, त्यसको कारण तथा प्रभावको खोजी गर्ने ध्येयका साथ हरेक वर्ष यस्तै महाभेलाको आयोजना गरिन्छ। आलोचकहरूले भने विगतमा धनी र शक्तिशाली देशले यस क्षेत्रमा जनाएको प्रतिबद्धता पूरा नगरेको र कमजोर एवं हिमाली देशहरूमा परेको सङ्कट न्यूनीकरणमा ध्यान नदिएको भन्दै गुनासो गरेका छन्।

सन् २००९ मा धनी राष्ट्रले अल्पविकसित तथा विकासोन्मुख देशमा एक सय अर्ब डलर बराबरको सहयोग गर्छौं भनेर प्रतिबद्धता जनाएका थिए। त्यो प्रतिबद्धता सन् २०२० देखि लागू गर्ने बताएको भए तापनि हालसम्म कार्यान्वयन भएको छैन। उक्त प्रतिबद्धता कार्यान्वयन गर्ने विषयमा सन् २०१५ मा फ्रान्सको पेरिसमा एउटा स्पष्ट दृष्टिकोण पेश भएको भएपनि प्रभावकारी कार्यान्वयन हुन सकेको छैन। सन् २०२० मा कोरोनाका कारण सम्मेलन नभएपछि कार्यान्वयनको पाटो कमजोर बन्न पुगेको तर्क गरिन्छ। यद्यपि सन् २०२२ देखि यसलाई प्रयोगमा लैजाने भनिए पनि अझै सार्थकता पाउन सकेको छैन। विकसित देशले कुल एक सय अर्ब डलर जम्मा नगरे पनि ८० अर्ब डलर बराबर जम्मा भएको बताइन्छ। सो रकम अनुकूलन र जलवायु न्यूनीकरणमा प्रयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन्।

अनुकूलन र न्यूनीकरणले मात्रै गरीब देशको र नेपालजस्तो अल्पविकसित देशको मुद्दा सम्बोधन हुँदैन भनेर जी-७७ र चीनलगायतका देशले धारणा राख्दै आएका छन्। हानि र नोक्सानीको क्षतिपूर्तिका लागि छुट्टै संयन्त्र बनाउनुपर्ने त्यसका लागि कोष पनि छुट्टै हुनुपर्ने माग उठेको छ।

नेपाल जलवायु परिवर्तनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय संरचना महासन्धिको पक्ष देश हो। नेपालले ‘राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६’, ‘वातावरण संरक्षण ऐन, २०७६’ तथा नियमावली, २०७७, ‘स्थानीय अनुकूलन कार्ययोजनाको राष्ट्रिय खाका, २०७६’, ‘जलवायु उत्थानशील योजना तथा बजेट तर्जुमा निर्देशिका, २०७७’ र ‘जलवायु परिवर्तनसम्बन्धी लैङ्गिक तथा सामाजिक समावेशीकरण रणनीति तथा कार्ययोजना, २०७७/२०८७’ तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ।

यस्तै, पेरिस सम्झौताबमोजिम दोस्रो राष्ट्रियरूपमा निर्धारित योगदान र राष्ट्रिय अनुकूलन योजना पेश गरेको छ। त्यस्तै, नेपालले २०७८ मा तेस्रो राष्ट्रिय सञ्चार प्रतिवेदन, राष्ट्रिय जलवायु सङ्कटापन्नता तथा जोखिम मूल्याङ्कन प्रतिवेदन, दीर्घकालीन न्यून उत्सर्जन विकास रणनीति र २०८० मा राष्ट्रियरूपमा निर्धारित योगदानको कार्यान्वयन योजना स्वीकृत गरी लागू गरिरहेको छ।

यसअघि नै नेपालले कोप-२६ मा सन् २०३० सम्ममा ४५ प्रतिशत वन क्षेत्र कायम गर्ने, जलवायु जोखिमबाट देश र जनतालाई सुरक्षित राख्ने र सन् २०४५ मा कार्बन उत्सर्जनलाई शून्यमा झार्नेजस्ता महत्त्वाकाङ्क्षी योजना प्रस्तुत गरेको छ। तर जलवायु परिवर्तनमा नेपालको योगदान कम भएपनि क्षति र जोखिम भने बढी भोग्नुपरेको छ।

जलवायु परिवर्तनको अवस्था विकराल छ। यसलाई हामीले सामान्यरूपमा लिने अवस्था नभएको बताइन्छ। विश्वको औसत तापक्रम एक दशमलव एक डिग्रीमा बढ्नुको अर्थ नेपालमा पहिले नै एक दशमलव पाँच डिग्री बराबरको तापक्रम बढिसकेको भन्ने अर्थमा लिन सकिन्छ।

विशेषतः युरोपमा दुई डिग्रीभन्दा माथिको अवस्था छ। एक दशमलव पाँच

(बाँकी चौथो पातामा)

## सस्तोमा उखु बेच्दै सर्लाहीका किसान

सर्लाही, १४ मङ्सिर/रासस

सर्लाहीका उखु उत्पादक किसान उखुको मूल्य निर्धारण नहुँदै सस्तोमा सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका छन्। जिल्लाका उखु मिलले समयमैं भुक्तानी नदिएपछि उखु



उत्पादक किसान सस्तो मूल्यमा सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका हुन्।

जिल्लामा रहेका उखु मिलमध्ये हरिवन नगरपालिका-११ स्थित रहेको इन्दुशङ्कर चिनी उद्योगबाहेक अन्नपूर्ण र महालक्ष्मी सुगर मिलले समयमैं उखु उत्पादक किसानको भुक्तानी गरेको छैन। यसबाट समस्यामा परेको जिल्लाका उखु उत्पादक किसानले उत्पादन गरेको उखु सस्तोमा सक्खर उद्योगलाई बेच्न थालेका हुन्।

जिल्लामा रहेका चिनीमिल पनि समयमा सञ्चालन नहुने र उखु बेचेको लामो समयसम्म पनि भुक्तानी नपाउने चिन्तामा रहेका जिल्लाका उखु उत्पादक किसान स्थानीय सक्खर उद्योगलाई आफूले उत्पादन गरेको उखु सस्तैमा भएपनि समयमैं बेच्दा खाली भएको जमीनमा मुसुरो, गहुँ र धनिया लगाउन पाइने भएकाले पनि हतारमा देखिएका छन्।

उखु मिलमध्ये हरिवनमा रहेको इन्दुशङ्कर चिनी उद्योग यही मङ्सिर २२ गतेबाट सञ्चालन गर्ने तयारी भएपनि अन्नपूर्ण र महालक्ष्मी सुगर मिल कहिले सञ्चालन हुन्छन् भन्ने पत्तो छैन। जिल्लाका उखु उत्पादक किसानले समयमैं आफ्नो खेत खाली हुँदा अन्य बाली लगाउन पाउने भएकाले पनि सस्तोमा सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका मिलगेट उखु उत्पादक समिति सर्लाहीका अध्यक्ष राजकुमार मैनालीले जानकारी दिए। उनका अनुसार सरकारले चालू सिजनको उखुको मूल्य निर्धारण गरेको छैन।

उनले चिनीमिल समयमैं सञ्चालन नहुने चिन्तामा रहेका जिल्लाका उखु उत्पादक किसान उखु समयमैं बेच्न नपाउने र बेचेको उखुको पनि समयमैं भुक्तानी नपाउने चिन्तामा रहेको बताए।

नेपाल उखु उत्पादक किसान महासङ्घका अध्यक्ष कपिलमुनि मैनालीले सुगर मिल कहिले सञ्चालनमा आउँछन् र गत वर्ष बेचेको उखुको भुक्तानी कहिले हुन्छ भन्ने दोधारमा रहेका जिल्लाका उखु उत्पादक किसान सस्तैमा भएपनि सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएका बताए।

बरहथवा नगरपालिका-११ का रत्नबहादुर घिमिरेले सस्तोमैं सक्खर उद्योगलाई उखु बेच्न बाध्य भएको बताए। नगदेबालीका रूपमा रहेको उखु बेच्ने अन्य कुनै विकल्प नभएकाले सक्खर उद्योगलाई सस्तैमा भएपनि उखु बेच्न थालेको बसबरिया गाउँपालिका-२ का उखु उत्पादक किसान रामविलास महतोले बताए।

जिल्लाका सक्खर उद्योग सञ्चालकले पनि सक्खरको माग अनुसार

(बाँकी चौथो पातामा)

# घट्दो वैदेशिक व्यापार

**अर्थ-उद्योग-वाणिज्य**



शीतल महतो
shitalmahato@gmail.com

**नेपाल दशकौंदेखि अन्तर्राष्ट्रिय व्यापारमा संलग्न भएपनि अहिलेसम्म कुनै वस्तुमा अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहिचान स्थापित गर्न सकेको छैन। नेपालमा निर्यातलाई मात्र आफ्नो प्रमुख व्यवसाय बनाएर 'एक्स्पोर्ट हाउस'को पहिचान बनाएको कुनै व्यापारिक घराना पनि छैन।**

नेपालको वैदेशिक व्यापारघाटा मुलुकमा गम्भीर आर्थिक सङ्कट सिर्जना गर्ने क्षेत्रका रूपमा विकसित हुँदै गएको छ। सीमित निर्यात पनि घट्ने तर ठूलो आयात उच्च दरमा बढ्ने प्रवृत्तिले चुलिँदै गएको व्यापारघाटा मुलुकको गम्भीर आर्थिक सङ्कटको मुख्य कारक बन्न पुगेको छ। विभिन्न स्रोतबाट आर्जित विदेशी मुद्रा पनि व्यापारघाटाको खाल्डो पुर्न अपर्याप्त हुन थालेपछि अर्थतन्त्रले सङ्कटको बाटो समात्यो भनेर बुझ्नुपर्छ। किनभने व्यापारघाटा बढेकै कारणले विदेशी मुद्राको सञ्चिति घटेर ६.६ महीनाको वस्तु तथा सेवाको आयात मात्र धान्न पुग्ने भएको छ। एक वर्षअघि यस्तो सञ्चितिले १० महीनाभन्दा बढी अवधिको आयात धान्न सक्थ्यो। आगामी दिनमा विदेशी मुद्राको आर्जनमा उल्लेख्य सुधार नगर्ने हो भने नेपालले अन्तर्राष्ट्रिय बजारमा आफ्नो कुनै बिक्रीयोग्य सम्पत्ति बेच्नुपर्नेछ, नभए बाह्य ऋण लिनुपर्ने हुन्छ। नेपालले निर्यातयोग्य वस्तुको विकास गर्न र भएको निर्यातलाई टिकाउन नसकेर तथा सम्पूर्ण विकास र आधुनिकीकरणको प्रयास आयातमैं निर्भर रहेकाले यस्तो स्थिति उत्पन्न भएको देखिन्छ। त्यसमा पनि अनियन्त्रित मात्रामा सुनचाँदी आयात गरिएपछि गम्भीर आर्थिक सङ्कट चर्कनु स्वाभाविकै हो।

मुलुकको आर्थिक अवस्था शिथिल हुँदा समग्र वैदेशिक व्यापारमा प्रत्यक्ष प्रभाव परेको छ। आर्थिक गतिविधि सुस्त भएकै कारण वैदेशिक व्यापार ४.१५ प्रतिशतले घटेको छ। भन्सार विभागले हालै सार्वजनिक गरेको विवरण अनुसार चालू आर्थिक वर्षको पहिलो चार महीनामा पाँच खर्ब ६३ अर्ब छ करोड रुपैयाँको वैदेशिक व्यापार भएको छ। तीमध्ये पाँच खर्ब १२ अर्ब ५० करोड रुपैयाँको आयात र ५० अर्ब ५६ करोड रुपैयाँको निर्यात भएको छ। गत आर्थिक वर्षको सोही अवधिको तुलनामा यो कम हो। आर्थिक वर्ष २०७९/८० को पहिलो चार महीनासँग तुलना गर्दा आयात व्यापार ३.७९, निर्यात व्यापार ७.६८ र व्यापारघाटा ३.३४ प्रतिशतले कमी भएको हो। मुलुकको राजस्व आयातीत वस्तुमा सीमित हुँदा र समग्र आयात घट्दा राजस्व सङ्कलनमा समेत प्रभाव परेको हो। चालू आर्थिक वर्षको पहिलो चार महीनामा एक खर्ब ३७ अर्ब आठ करोड रुपैयाँ राजस्व उठेको विभागको तथ्याङ्क छ। पछिल्लो समय विदेशी मुद्रा सञ्चितिमा भने झिनो सुधार भएको देखिन्छ। गत असोजसम्ममा मुद्रा सञ्चिति १६ खर्ब ४३ अर्ब रुपैयाँ (१२ अर्ब ३३ करोड अमेरिकी डलर) पुगेको नेपाल राष्ट्र बैंकले जनाएको छ। आर्थिक वर्ष २०७९/८० को पहिलो चार महीनामा पाँच खर्ब ८७ अर्ब ४६ करोडको व्यापार भएको विभागको तथ्याङ्क छ। यसमा पाँच खर्ब ३२ अर्ब ६९ करोडको आयात र ५४ अर्ब ७७ करोड रुपैयाँको निर्यात भएको थियो। यसरी मुलुकबाट ५० अर्ब रुपैयाँको वस्तु निर्यात हुँदा पाँच खर्बभन्दा बढीको आयात भएको तथ्याङ्क छ। स्वदेशमैं उत्पादन हुन सक्ने कृषि वस्तुमा समेत परनिर्भर हुँदा आयात र निर्यातको खाडल झन् बढेको देखिन्छ।

नेपालको वैदेशिक व्यापार शुरूदेखि सन् १९५० को दशकमा दुई छिमेकी मुलुक भारत र चीन तिब्बतसँगको व्यापारदेखि सन् २००४ मा विश्व व्यापार सङ्गठनको सदस्य मुलुक भएपछि पनि निर्यात गर्ने वस्तु संरचनामा खासै परिवर्तन आएको छैन। आर्थिक वर्ष २०७८/७९ मा व्यापारघाटा १७ खर्ब २० अर्ब ४१ करोड रुपैयाँ भएको थियो। आव २०७८/७९ मा दुई खर्ब रुपैयाँ कटेको निर्यात व्यापार २०७९/८० मा एक खर्ब ५७ अर्ब १४ करोड रुपैयाँमा सीमित हुन गयो। यसरी कुल वैदेशिक व्यापारमा निर्यातको हिस्सा २०७८/७९ मा ९.४३ प्रतिशत रहेकोमा आव २०७९/८० मा ८.८८ प्रतिशतमा सीमित भयो। निर्यातमा २०७८/७९ को तुलनामा २१ प्रतिशतले कमी आउनु दुःखद विषय हो। आयात हुने वस्तुमा सबैभन्दा बढी पेट्रोलियम पदार्थकै छ। चालू आर्थिक वर्षको पहिलो चार महीनामा ४० अर्ब ३१ करोड रुपैयाँको तीन लाख ५९ हजार छ सय किलोलिटर डिजेल आयात भएको छ। २२ अर्ब ८७ करोड रुपैयाँको दुई लाख २३ हजार ८१० किलोलिटर पेट्रोल र १५ अर्ब ४५ करोड रुपैयाँको खाना पकाउने एलपी ग्याँस आयात भएको छ। यसैगरी, ११ अर्ब ५३ करोडको स्मार्टफोन र आठ अर्ब २० करोडको सुन आयात भएको विभागले जनाएको छ। यसैगरी, सो अवधिमा छ अर्ब ८४ करोडको हवाई इन्धन, पाँच अर्ब ७६ करोडको क्रुड सोयाबिन तेल, पाँच अर्ब ४३ करोडको क्रुड सनफ्लावर तेल र चार अर्ब ५२ करोडको पाम तेल आयात भएका छन्। यसरी वैदेशिक व्यापार विवरण नियाल्दा नेपालले निकासी प्रवर्द्धनका आधार पहिल्याउन आवश्यक देखिन्छ। स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भएपनि सरकारले त्यतातिर ध्यान दिएको छैन। हुनत व्यापारघाटा नेपालको वैदेशिक व्यापारको विशेषताजस्तो भएको छ। निर्यातको तुलनामा आयात अत्यधिक बढी हुँदा व्यापारघाटा सामना गर्नुपरेको छ। नेपालको व्यापारको कुल हिस्सामा निर्यातको अंश ज्यादै न्यून छ। यहाँबाट निर्यात भएका वस्तुमा धागो, ऊनी गलैंचा, जुट उत्पादन, तयारी पोशाक, जुस, उलन फेल्टका उत्पादन, चिया, कुकुरको आहार, पस्मिना सल, कपडा, चाउचाउ, रोजिन र टर्पेनटाइन, जडीबुटी, नेपाली हातेकागज, अदुवा र जुत्ताचप्पल आदि छन्। मुलुकमैं प्रशस्त स्वदेशी कच्चा पदार्थमा आधारित उत्पादनमूलक उद्योग स्थापना गर्न सकिने भएपनि सरकारले त्यतातिर ध्यान दिन सकेको छैन। स्वदेशी उत्पादनलाई अनुदान दिएर आयात प्रतिस्थापन गर्नुपर्ने आवश्यकता देखिन्छ। यसैगरी, जीर्ण उद्योगको संरक्षण र पुनर्स्थापन गर्दै स्वदेशी पहिचान बढाउने उद्योगलाई विशेष अनुदान दिन नीति बनाउनु पनि आवश्यक छ। निर्यातजन्य वस्तु उत्पादनतर्फ जोड दिई निर्यातमा आधारित वृद्धिमार्फत विकास गर्ने रणनीति अनुसरण गरिएको छ। तर पनि उच्च व्यापारघाटा, निर्यातको सानो आधार र न्यून वृद्धिदरका कारण निर्यातमा आधारित आर्थिक वृद्धि तत्कालका लागि कमजोर नै देखिन्छ।

सरकारी तहमा पूँजी निर्माणको कमजोर स्तरका कारण औद्योगिक क्षेत्रमा ठूलो निजी पूँजी आकर्षित गरी निर्यात बढाउन सकिने सम्भावना पनि कम छ। तर आन्तरिक मागमा आधारित आर्थिक वृद्धि मोडेलमार्फत उच्च आर्थिक वृद्धि गर्न भने सकिन्छ। धेरैजसो निकासीकर्ताका निकाय र नेपाली निकासी उद्यमी कम्पनी व्यापार अभिवृद्धि गर्न अझ सक्षम बन्न सकेका छैनन्। फलस्वरूप निकासीको वातावरण बन्न सकेको छैन। भौगोलिक अवस्थिति, भारतसँगको खुला सिमाना र नेपाल-भारत व्यापार सम्बन्धका कारणले व्यापार अभिवृद्धि हुन सकेको देखिंदैन। आव २०६७/६८ देखि २०८०/८१ सम्मको १३औं, १४औं र १५औं, त्रिवर्षीय र पञ्चवर्षीय योजनाले वस्तु निकासीलाई योजना अवधिको अन्तिम वर्षमा लक्षित रकम मूल्यका बिन्दुमा पुऱ्याउने अपेक्षित प्रतिफल आशा गरिएको जति विगतमा हुन सकेन। ती योजनाले वाणिज्य क्षेत्रमा थप रोजगारको अवसर सिर्जना गर्ने भनिएको भएपनि त्यो उपलब्धिमूलक देखिएन। ती योजनाका अन्तिम समयसम्म व्यापारघाटालाई कुल गार्हस्थ्य उत्पादनको निश्चित प्रतिशतबाट लक्षित प्रतिशतमा झार्ने र आयात-निर्यातको अनुपात बढ्न नदिनेसमेत भनिएको थियो। यी प्रतिफल पूरा गर्न वाणिज्य क्षेत्रको पृष्ठभूमिका आधारमा उद्देश्य, रणनीति र कार्यनीति नै तोकिएको थियो। २०७२ को वाणिज्य नीति, २०७३ र पछिको एनटिआइएस तथा २०७३ देखि २०७९ सालसम्म आएको आर्थिक र व्यापारसँग सम्बन्धित ऐन, कानून, निर्देशिका आदिले २०७२ सालपछि बिग्रिएका आर्थिक तथा व्यापारिक क्षेत्रलाई डोऱ्याउँदै आएका छन्।

नेपाल दशकौंदेखि अन्तर्राष्ट्रिय व्यापारमा संलग्न भएपनि अहिलेसम्म कुनै वस्तुमा अन्तर्राष्ट्रिय बजारमा आफ्नो पहिचान स्थापित गर्न सकेको छैन। नेपालमा निर्यातलाई मात्र आफ्नो प्रमुख व्यवसाय बनाएर 'एक्स्पोर्ट हाउस'को पहिचान बनाएको कुनै व्यापारिक घराना पनि छैन। अर्थात् निर्यात व्यापारलाई नेपालमा प्रमुख व्यापार-व्यवसायका रूपमा लिने गरिएको छैन। नेपालको तेस्रो मुलुकतर्फको निर्यातमा हालसम्म कुनै पनि किसिमको गतिशीलता नदेखिनु त्यसैको परिणाम हो। ऊनी गलैंचा, तयारी पोशाक र पस्मिना निर्यात केही वर्ष निकै चल्यो। तर विविध कारणले नेपालले त्यो टिकाउन सकेन। यी तीन वस्तुको निर्यातलाई टिकाउन र बढाउन निजी क्षेत्र र सरकार दुवै आवश्यक मात्रामा गम्भीर र जिम्मेवारीपूर्णरूपमा लागेको कहिल्यै देखिएन। फलस्वरूप यी तीनै वस्तुको निर्यात विगत केही वर्षदेखि चिन्ताजनक अवस्थामा छ। नेपालीसँग यी तीन वस्तुको उत्पादन र निर्यातका सम्पूर्ण पक्षको राम्रो अनुभव रहेकोले त्यसलाई जगाउन अझै पनि सक्नुपर्ने हो। त्यस्तै, हस्तकलाका सामान, जडीबुटी, नेपाली कागज र यसका उत्पादन, सुन र चाँदीका गहना, प्रशोधित छाला, चिया आदि वस्तुको निर्यातमा टिकाउपन देखिएको छ। तर निर्यात परिमाण भने धेरै छैन र खासै बढिरहेको पनि छैन। यिनमा हस्तकला र नेपाली कागजको निर्यात निरन्तर प्रगतिउन्मुख छ। यिनको निर्यात बढाउन र टिकाउन सरकारले सम्भव हुने सबै किसिमको सहयोग गर्न कन्जुस्याइँ गर्नुहुँदैन। किनभने यी नेपालका शतप्रतिशत आफ्नै उत्पादन हुन् र श्रममूलक उत्पादन रोजगार बढाउन पनि यिनको उत्पादन र निर्यात महत्त्वपूर्ण हुन्छ।

त्यसैगरी, नेपालको चिया निर्यातको पनि ठूलो सम्भावना छ। चियाको निर्यात केही मात्रामा भइ पनि रहेको छ। विशेषगरी अर्थोडक्स चियाको निर्यात उत्साहवर्धक छ। अन्तर्राष्ट्रिय बजारमा चियाको चर्को प्रतिस्पर्धा भएपनि नेपाली चियाको उच्च गुणस्तरीयताका कारणले यसमा हाम्रो प्रतिस्पर्धात्मक क्षमता पनि छ। त्यसैले निजी क्षेत्र केन्द्रित हुन सक्ने यो अर्को आकर्षक क्षेत्र हो। तर निजी क्षेत्र किन पूर्णरूपमा यसमा होमिन नसकेको हो बुझ्न सकिंदैन। त्यसैले यी र यस्तै अन्य वस्तुको उत्पादन र निर्यातमा निजी क्षेत्र प्रवेश गर्ने र सरकारले पनि दिनुपर्ने सुविधा उदारतापूर्वक दिने दीर्घकालीन नीति अनुसरण गरेमा नेपालको निर्यातको पर्याप्त विस्तार हुन सक्छ। त्यसैले नेपालले आवश्यक वस्तुको आयात धान्नको लागि आवश्यक हुने विदेशी मुद्रा ती वस्तुको निर्यात गरेर नै आर्जन गर्न सक्नुपर्छ। यसतर्फ सरकार गम्भीर भएर लाग्न सक्नुपर्छ।

### कोप-२८ ...

डिग्री विश्व तापक्रम वृद्धि हुँदा नेपालको हिमालयमा त्यसको असर एक दशमलव आठदेखि दुई दशमलव दुई डिग्री बराबर हुन्छ भनिएको छ। जुन विकराल अवस्था भएको यस क्षेत्रका जानकारहरूको भनाइ छ।

प्रधानमन्त्री प्रचण्डले पछिल्ला दिनमा जलवायु परिवर्तनको विषयलाई मुखररूपमा उठाउँदै आएका छन्। प्रधानमन्त्रीको निमन्त्रणामा नै संयुक्त राष्ट्रसङ्घका महासचिव एन्टेनियो गुटेरेसले गत महीना नेपालको चार दिने भ्रमण गरे। अन्नपूर्ण र सोलुखुम्बु पुगेर गुटेरेसले जलवायु परिवर्तनको असरलाई नजीकबाट नियाले।

संयुक्त राष्ट्रसङ्घका महासचिव गुटेरेसले नेपाल भ्रमणाका क्रममा सोलुखुम्बु जिल्लाको खुम्बु पासाङल्हामु गाउँपालिकामा पुगेर सामाजिक सञ्जाल एक्समार्फत भिडियो सन्देश जारी गर्दै जलवायु परिवर्तन रोकथामका लागि विश्व समुदायलाई आग्रह गरेका थिए। महासचिव गुटेरेसले सङ्घीय संसद्को संयुक्त बैठकलाई सम्बोधन गर्दै यस मुद्दामा नेपालजस्ता देशलाई सहयोग गर्न विश्व समुदायलाई आग्रह गरेका थिए।

त्यसो त प्रधानमन्त्री प्रचण्डले पछिल्ला दिनमा जलवायु परिवर्तन र त्यसको असरका बारेमा विश्व समुदायसँग अब याचना होइन, आफ्नो दाबी प्रभावकारीरूपमा प्रस्तुत गर्ने बताउँदै आएका छन्। उनले उच्च सरकारी निकायलाई प्रभावकारी र वस्तुनिष्ट योजना तयार पार्न निर्देशन दिए।

बढ्दो जीवाश्म इन्धनको प्रयोग, वन फँडानी, औद्योगिक गतिविधि, र वायुमण्डलमा कार्बनडाइअक्साइड र मिथेनजस्ता हरितगृह ग्याँस उत्सर्जनले हरितगृह प्रभावलाई बढाएको छ। यसले समग्र पारिस्थितिक प्रणाली, मौसमको ढाँचा र जीविकोपार्जनमा बाधा पुगिरहेको छ।

समुद्री तटीय क्षेत्रमा जलसतह बढेको छ। त्यस्तै, चरम मौसमी घटना आँधीबेहरी, खडेरी, बाढी र गर्मीको लहर गम्भीर बन्दै गएका छन्। यसले बाली उत्पादनमा कमी ल्याउनुका साथसाथै कीरा र रोगको बढ्दो प्रकोपका कारण कृषि प्रणाली समस्यामा परेको छ। वातावरणीय प्रभावका अलावा जलवायु परिवर्तनले मानव स्वास्थ्यलाई असर गरेको छ। वायु प्रदूषणले श्वासप्रश्वासको समस्या बढेको छ भने गर्मीको लहरले यससँग सम्बन्धित रोगको जोखिम बढाएको छ। मनसुनको ढाँचामा आएको परिवर्तनले पानीको अभाव र प्रदूषण फैलाउन सहयोगी बनेको छ। त्यसले पानीजन्य रोग बढाएको छ।

यस विश्वव्यापी सङ्कटको सामना गर्न नीति परिवर्तन, प्राविधिक आविष्कार, र व्यक्तिगत कार्यहरू समावेश गरी बहुआयामिक दृष्टिकोणका साथ काम गर्नु आवश्यक छ। नवीकरणीय ऊर्जा स्रोतमा प्राथमिकता दिंदै दिगो पूर्वाधारमा लगानी तथा उत्सर्जन रोक्न कडा नियम व्यवहारमा नै लागू गर्नु जरुरी भइसकेको छ।

जलवायु परिवर्तनले सीमा नाघेको हुनाले यसको प्रभावलाई न्यूनीकरण गर्न पेरिस सम्झौताजस्ता एकीकृत प्रयास र सम्झौताको कार्यान्वयनमा जोड दिइनुपर्छ। नवीकरणीय ऊर्जा जस्तैः सौर्य, वायु र जलविद्युत्मा भएको प्रगतिले जीवाश्म इन्धनको लागि नयाँ विकल्पको सहज उपलब्धतामा जोड दिइनुपर्छ।

विश्वव्यापीरूपमा बढ्दो सचेतना र प्रयासको बावजूद, थपिंदो चुनौतीले जलवायु परिवर्तनको सामना गर्न बाधा

(बाँकी पाँचौं पातामा)

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

काठमाडौं, १४ मङ्सिर/रासस

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बिहीवार पनि दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेन्जका अनुसार नेप्से परिसूचक १८ दशमलव शून्य छ अङ्कले ओरालो लागेर एक हजार ८५८ दशमलव ५३ मा सीमित भएको छ।

ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक दुई दशमलव ८० अङ्कले ओरालो लागेर ३५६ दशमलव शून्य आठमा सीमित भएको छ। कारोबार भएका कुल १३ उपसमूहमध्ये आज एक उपसमूहको शेयर मूल्यमा सामान्य वृद्धि हुँदा १२ उपसमूहको शेयर मूल्यमा भने गिरावट भएको छ।

कुल ४५ लाख ९५ हजार ५५३ कित्ता शेयर रु एक अर्ब ३२ करोड ३५ लाख १९ हजार ३५७ मूल्यमा कारोबार भएको छ।

नेप्सेका अनुसार कारोबारका आधारमा नेपाल इन्स्योरेन्स कम्पनीको संस्थापक शेयर शीर्ष स्थानमा छ। सो कम्पनीको रु ११ करोड ६७ लाख १२ हजार तीन सय बराबरको कारोबार भयो। सोनापुर मिनरल्स रु आठ करोड ४९ हजार ४०१, युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावर रु पाँच करोड १९ लाख ४९ हजार १३१, सोल्टी होटल रु चार करोड ३९ लाख ७० हजार २०२ र रिलायवल नेपाल लाइफ इन्स्योरेन्स रु तीन करोड २६ लाख ३९ हजार ३९४ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार रुरु जलविद्युत् परियोजना पाँच दशमलव ६३, एनआइबिएल प्रगति फन्ड तीन दशमलव ८७, लक्ष्मी भ्याल्यू फन्ड दोस्रो तीन दशमलव ५२, एनआइसी एशिया फ्लेक्सी क्याप फन्ड तीन दशमलव ४१ र छिमेक लघुवित्तका लगानीकर्ताले तीन दशमलव ४१ प्रतिशतले कमाएका छन्।

यस्तै, विजय लघुवित्त, माउन्टेन इनर्जी र युनाइटेड इदी मर्दी आरबी हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले गिरावट भई नकारात्मक सर्किट लागेको छ। यस्तै, सिटिजन म्युचुअल फन्ड दोस्रो आठ दशमलव ८८ र खानीखोला हाइड्रोपावरका लगानीकर्ताले पाँच दशमलव ६७ प्रतिशतले गुमाएका छन्।

### सस्तोमा ...

उखुको मूल्य निर्धारण गर्दै आएका छन्। उत्पादित सक्खरको खपत कम भयो भने उखुको मूल्य पनि कम दिने र माग बढेमा सोही अनुसार मूल्य बढाएर दिने गरिएको बरहथवा-११ का सक्खर उद्योग सञ्चालक शत्रुधन रायले बताए। उनका अनुसार अहिले उखु उत्पादक किसानलाई उखुको मूल्य निर्धारण गरिएको छैन।

११ क्विन्टल उखु पेल्दा एक क्विन्टल सक्खर उत्पादन हुने बरहथवा-११ का सक्खर उत्पादक व्यवसायी रायले बताए। उनका अनुसार उत्पादित सक्खरमध्ये कालो सक्खरको रु पाँच हजार र सेतो सक्खरको रु पाँच हजार पाँच सयदेखि छ हजार दुई सय प्रतिक्विन्टल बजार मूल्य छ। आफ्नो उद्योगमा प्रत्यक्षरूपमा छजनाले दैनिक ज्यालादारीमा रोजगारसमेत पाएका रायले बताए।

"भारतबाट अवैधरूपले आउने सक्खरका कारण व्यवसाय नै धराशयी बन्दै गएको छ, सक्खरले बजार मूल्य नपाउँदा किसान र व्यवसायी दुवै समस्यामा छन्," बरहथवा-११ स्थित सञ्चालनमा रहेको सक्खर उद्योगका सञ्चालक शिवचन्द्र रायले बताए। उनले भारतबाट आएको सक्खर सस्तो मूल्यमा बिक्री हुँदा आफूहरूले पनि सोही अनुसार बेच्नुपरेकाले लगानी अनुसारको मूल्य नपाएको गुनासो गरे।


## चिकित्सकहरूको विवरण

**शिशु तथा बालरोग**

चिकित्सकको नाम — सम्पर्क नं. — आबद्ध स्वास्थ्य सेवा

१. डा. सागरमान अमात्य ५२१७९६ सर्वोत्तम अस्पताल
२. डा. अशोक दास ५३४४०३ आशाराम हस्पिटल, पानीटङ्की-१०
३. डा. आनन्दकुमार झा ०५१-५३०५२० दसतल्ले भवनको गेटनजिक, बिर्ता
४. डा. श्यामसुन्दर दास
५. डा. प्रवीण सिंह ९८११८४२९४६ ओम शिवशक्ति पोलीक्लिनिक, बिर्ता, वीरगंज

**नाक, कान, घाँटी तथा आँखा**

१. डा. वीरसिंह थापा ५२३२१४ निजी क्लिनिक बिर्ता
२. वीरगंज आँखा तथा दाँत अस्पताल प्रालि ०५१-५२१३९८ लिङ्करोड, घण्टाघर, वीरगंज
३. डा. अमर क्याल (किरण आँखा अस्पताल) ५२५२४४, रजतजयन्ती चोक, होटल शेखरअगाडि
४. डा. आमोद श्रेष्ठ (न्यू त्रिलोकी क्लिनिक), ९८१२२३८९६५, दशतले भवनछेउमा, बिर्ता, वीरगंज-४

**फिजिसियन**

१. डा. अरूणकुमार सिंह ९८४५११९४५५ नाउक्षेअ, निजी क्लिनिक
२. डा. राकेश तिवारी ९८११८४२९४६ ओम शिवशक्ति पोली क्लिनिक, बिर्ता, वीरगंज

**दन्त**

१. डा. सुनीलप्रताप सिंह ९८४५१८७४११ समाज डेन्टल होम
२. डा. पूनम सिंह ५२९४१५ समाज डेन्टल होम
३. डा. विजय अग्रवाल ९८०२९२१९९६ शंकरलाल केडिया दन्त अस्पताल, परवानीपुर

**हाड, जोर्नी तथा नसा विशेषज्ञ**

डा. श्यामबाबू प्रसाद एलएस न्यूरो हस्पिटल, पानीटंकी, वीरगंज ५२१५१७
डा. श्यामबाबू रौनियार ०५१-५२१९९६ साह अर्थोपेडिक क्लिनिक लाठगल्ली, वीरगंज
डा. रामाशीष ठाकुर एपोलो सेन्टर मालपोत अगाडि, बिर्ता
प्रा. (डा.) राजेन्द्रप्रसाद साह ९८०४२७१२२३ फ्रेक्चर तथा सिटी हेल्थकेयर, पानीटङ्की-१०, ब्यारेकको पूर्वपट्टि

**आयुर्वेदिक (चेकजाँच)**

डा. आर.एन. यादव ०५१-५२०६१६ पतञ्जलि आयुर्वेद, घण्टाघर दूरसञ्चारको पूर्व, वीरगंज
डा. आर.के. ठाकुर ०५१-५३४१४१ शिवम् आयुर्वेद, बसपार्क
डा. रमेश मिश्र (कन्सलटेन्ट आयुर्वेदविज्ञ) ९८४९४१११९६ नारायणी आयुर्वेद उपचार तथा योग केन्द्र, बसपार्क

**फिजिसियन तथा मधुमेह विशेषज्ञ**

डा. नीरजकुमार सिंह ०५१-५२१९२१ नाउक्षे अस्पताल, वीरगंज
डा. शिवकुमार झा (न्यु त्रिलोकी क्लिनिक) मोबाइल नं. ९८१२२३८९६५

**प्रसूति तथा स्त्रीरोग विशेषज्ञ**

डा. तरन्नुम खातुन, ९८४५४१३८२६ आकाश मेडिकल, लिङ्करोड, घण्टाघर
डा. जगतप्रसाद दीप, ०५१-५३३८०८, ओम हस्पिटल प्रा.लि., वीरगंज
डा. मीता महर्जन झा, ९८५५०३५५६०, दसतल्ले भवनको गेटनजिक, बिर्ता, वीरगंज

**एम्बुलेन्स सेवा**

**बारा उद्योग वाणिज्य सङ्घ** जीतपुर ०५३-५२१९२०/९८४५६५६५४०
**गण्डक अस्पताल,** वीरगंज (**चौबीसै घण्टा**) ०५१ ४११०११/९८४३८३७६०२

माथि नाम लेखाउन चाहने चिकित्सकहरूले यस दैनिकको वार्षिक ग्राहक हुन जानकारी गराइन्छ।

**सम्पर्कः बजार व्यवस्थापक जीतेन्द्र पटेल** मोबाइल नं. ९८४५०४१७५८, ९८०२७७७७५३

# अन्तर्राष्ट्रिय समाचार

## अमेरिकी कूटनीतिज्ञ किसिन्जरको निधन

वाशिङ्टन, १४ मङ्सिर/एएफपी

अमेरिकी कूटनीतिज्ञ हेनरी किसिन्जरको एक सय वर्षको उमेरमा बुधवार निधन भएको उनको परामर्श संस्थाले बताएको छ। दोस्रो विश्वयुद्धपछि अमेरिकी शक्तिमार्फत विश्वलाई आकार दिन सहयोग गर्ने उनी महत्त्वाकाङ्क्षी कूटनीतिज्ञ थिए।



आधुनिक समयमा सम्भवतः सबैभन्दा धेरै चिनिने अमेरिकाका पूर्वविदेशमन्त्री किसिन्जरको कनेक्टिकटस्थित उनको घरमा निधन भएको किसिन्जर एशोसिएट्सले एक विज्ञप्तिमा बताएको छ।

किसिन्जरको परिवारले निजीस्तरमा अन्त्येष्टि गर्ने र पछि न्युयोर्कमा स्मृतिसभा आयोजना गरिने एशोसिएट्सले बताएको छ। आफ्नो यहुदी परिवार नाजी जर्मनीबाट भागेपछि न्युयोर्कमा किसिन्जर हुर्किएका थिए।

विज्ञप्तिमा उनको निधनको कारण उल्लेख गरिएको छैन। उनी एक सय वर्षमा पनि सक्रिय थिए र जुलाईमा चिनियाँ राष्ट्रपति सी जिनपिङसँग भेट्न चीन गएका थिए। चीन किसिन्जरका लागि सबैभन्दा दिगो विरासतमध्ये एक थियो।

सोभियत सङ्घविरुद्ध शीतयुद्धको लडाइँलाई धक्का दिने अपेक्षामा किसिन्जर गोप्यरूपमा बेइजिङ पुगेका थिए। परिणामस्वरूप राष्ट्रपति रिचर्ड निक्सनले सन् १९७२ मा चीनको ऐतिहासिक भ्रमण गरे र पछि तत्कालीन विश्वबाट पृथक बनेको मुलुक चीनसँग अमेरिकाले सम्बन्ध स्थापना गर्‍यो। अमेरिकासँगको सम्बन्धकै कारण चीनले तीव्र विकास हासिल गर्‍यो र वाशिङ्टनसँगको बढ्दो प्रतिस्पर्धीका रूपमा विश्वको दोस्रो सबैभन्दा ठूलो अर्थतन्त्र बन्यो।

किसिन्जरलाई विश्वका अधिकांश स्थानमा तिरस्कृत गरिए पनि वाशिङ्टनस्थित चिनियाँ राजदूत झी फेङले उनलाई 'सबैभन्दा मूल्यवान् पुरानो मित्र' भन्दै उनको निधनले 'हाम्रा दुवै मुलुक र विश्वका लागि ठूलो क्षति' पुगेको बताएका छन्।

अमेरिकामा किसिन्जरलाई राजनीतिक मूलधारमा पनि सम्मान प्राप्त भयो। प्रतिद्वन्द्वी डेमोक्रेटिक पार्टीका सदस्य एवं हालका विदेशमन्त्री एन्टोनी ब्लिङ्केनले न्यूयोर्कमा उनको एक सयौं जन्मदिनको पार्टीमा भाग लिएका थिए।

"हेनरी किसिन्जरको निधनसँगै अमेरिकाले विदेश मामिलामा सबैभन्दा भरपर्दो र विशिष्ट आवाज गुमाएको छ," पूर्वराष्ट्रपति एवं रिपब्लिकन जर्ज डब्लु बुशले एक विज्ञप्तिमा भनेका छन्।

किसिन्जरलाई भियतनाम युद्ध अन्त्य गर्न वार्ताका लागि नोबेल शान्ति पुरस्कारले सम्मान गरिएको थियो। यद्यपि युद्ध तत्काल समाप्त भएन र उनका उत्तरी भियतनामी समकक्षी ले डक थोले उक्त पुरस्कार लिन अस्वीकार गरे।

वाटरगेट काण्डपछि निक्सन राष्ट्रपति पदबाट बर्खास्त भए र किसिन्जरले उनका उत्तराधिकारी जेराल्ड फोर्डको नेतृत्वमा काम गरे। आफ्नो प्रभाव प्रतिविम्बित गर्ने अभूतपूर्व व्यवस्थामा किसिन्जरले एकैसाथ मुलुकको शीर्ष कूटनीतिज्ञ विदेशमन्त्री र राष्ट्रपतिको दाहिने हात मानिने राष्ट्रिय सुरक्षा सल्लाहकारका रूपमा काम गरेका थिए। रासस

## चीनको कारखाना गतिविधि दोस्रो महीना पनि सङ्कुचित

बेइजिङ, १४ मङ्सिर/एएफपी

चीनमा नोभेम्बर महीनामा कारखाना गतिविधिमा लगातार दोस्रो महीना सङ्कुचन भएको आधिकारिक तथ्याङ्कले बिहीवार बताएको छ। यसबाट सरकारमाथि सङ्कटग्रस्त अर्थतन्त्रका लागि अझ बढी सहयोग प्रदान गर्नुपर्ने दबाब बढेको छ।

राष्ट्रिय तथ्याङ्क ब्युरोका अनुसार कारखाना उत्पादनको प्रमुख मापक उत्पादन खरीद प्रबन्धकहरूको सूचकाङ्क घटेर ४९ दशमलव चारमा आएको छ। यो आँकडा अक्टोबरदेखि कम हुँदै गएको थियो र ब्लुमबर्गको सर्वेक्षणमा ४९ दशमलव आठको पूर्वानुमानभन्दा पनि कमजोर थियो।

चीनले करीब तीन वर्षपछि सन् २०२२ डिसेम्बरमा उसको कठोर शून्य-कोभिड प्रतिबन्धलाई हटाउन शुरू गरेपछि अर्थतन्त्रले फेरि सुधारतिर आउने अवसर पाएको छ।

कमजोर उपभोक्ता तथा व्यावसायिक विश्वास, लगातारको आवास सङ्कट, कीर्तिमानी युवा बेरोजगारी र विश्वव्यापी मन्दीका कारण उक्त सुधारमा अवरोध भएको छ। यसले चिनियाँ वस्तुहरूको मागलाई असर गरिरहेको छ।

विश्वको दोस्रो सबैभन्दा ठूलो अर्थतन्त्र भएको चीनका लागि एउटा कठिन वर्षपछि हालका साताहरूमा केही परिवर्तन आएको छ। तेस्रो त्रैमासिकमा आर्थिक वृद्धिदर अपेक्षित चार दशमलव नौ प्रतिशतभन्दा बढी हुने अनुमान गरिएको छ।

यद्यपि अहिले पनि करीब पाँच प्रतिशतको आफ्नो घोषित वार्षिक लक्ष्य हासिल गर्नका लागि बेइजिङले कठिन सङ्घर्षको सामना गरिरहेको छ। रासस

### आजको राशिफल

| राशि | फल | राशि | फल |
|---|---|---|---|
| मेष | भयचिन्ता | वृष | विजय |
| मिथुन | कान्तिक्षय | कर्कट | भाग्योदय |
| सिंह | बेचैनी | कन्या | मनोरञ्जन |
| तुला | कर्मप्राप्ति | वृश्चिक | राज्यभय |
| धनु | वादविवाद | मकर | व्यापारलाभ |
| कुम्भ | कडापरिश्रम | मीन | कार्यनाश |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## होन्डाले दुई पाङ्ग्रे विद्युतीय सवारीमा लगानी गर्ने

टोक्यो, १४ मङ्सिर/एएफपी

जापानी अटो कम्पनी होन्डाले यो दशकमा विद्युतीय मोटरसाइकल र मोपेडको उत्पादनमा पाँच सय अर्ब येन (तीन अर्ब ४० करोड अमेरिकी डलर) लगानी गर्ने योजना बनाएको बताएको छ।

विश्वको सबैभन्दा ठूलो दुई पाङ्ग्रे सवारी निर्माता उक्त कम्पनीले सन् २०३० सम्ममा ३० नयाँ विद्युतीय मोडेल लन्च गर्ने र विद्युतीय मोटरसाइकलहरूको विद्यमान लागतलाई ५० प्रतिशतले कम गर्ने योजना बनाएको पनि जानकारी दिएको छ।

"आफ्ना मोटरसाइकलहरूको विद्युतीकरणका लागि होन्डाले सन् २०२१ देखि सन् २०२५ सम्मको अवधिमा एक सय अर्ब येन लगानी गरिरहेको छ र सन् २०२६ देखि सन् २०३० सम्मको पाँच वर्षको अवधिमा थप चार सय अर्ब येन लगानी गर्नेछ," होन्डाले बुधवार एक विज्ञप्तिमा भनेको छ।

### रानीघाट-पोखरिया बस समिति

भिस्वा- बिहान ७:४० बजे
भिस्वा- बिहान १०:०० बजे
भिस्वा- मध्याह्न १२:०० बजे
भिस्वा- दिउँसो १:३० बजे
दसौता- दिउँसो २:३० बजे
सेढवा- दिउँसो ३ बजे
देउरिया- दिउँसो ३:१५ बजे
भिस्वा- दिउँसोः ३:४० बजे

यहाँ स्तरीय छपाईसम्बन्धी सम्पूर्ण कार्य गरिन्छ।
बिल, बूक, खाता
क्यालेन्डर, ब्रोसर, पोस्टर
विवाह कार्ड, लेटरप्याड
पुस्तक, डायरी
भिजिटिङ कार्ड
फलेक्स, ब्यानर
प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, Website: eprateekdaily.com

## स्नातकोत्तर तहमा नेपाली र अङ्ग्रेजी विषय पढ्न मापदण्ड परिवर्तन

काठमाडौं, १४ मङ्सिर/रासस

त्रिभुवन विश्वविद्यालयले स्नातकोत्तर तहमा नेपाली र अङ्ग्रेजी पढ्नका लागि मापदण्ड परिवर्तन गरेको छ। यसअघि ती दुवै विषयमा स्नातकोत्तर तह पढ्नका लागि स्नातक तहमा पनि सोही विषय अध्ययन गरेको हुनुपर्ने मापदण्ड रहेकोमा त्यसलाई परिमार्जन गरिएको हो।

त्रिवि प्राज्ञिक परिषद् स्थायी समितिले नेपाली र अङ्ग्रेजी विषयको अध्ययनका लागि मापदण्ड परिमार्जन गरेको हो। त्रिविका रजिस्ट्रार प्राडा पेशल दाहालले यी दुवै विषय प्रयोगात्मक नभएर साहित्यिक भएकाले स्नातकोत्तर पढ्दा तल्लो तहमा जुनसुकै विषय भएपनि पढ्न पाउने बताए।

"साहित्यिक विषय अरू विषय पढेकाले पनि पढ्न सक्ने भएका छन्। अरू विषय प्रयोगात्मक भएकाले आधारभूत आधार आवश्यक हुन्छ। तर नेपाली र अङ्ग्रेजी साहित्य विषय भएकाले सक्नेछन्," उनले भने, "विषयगत समिति र सङ्कायको सिफारिशपछि प्राज्ञिक परिषद्ले निर्णय गरेको हो।"

त्रिवि नेपाली विभागका प्रमुख प्राडा खगेन्द्रप्रसाद लुइँटेलले त्रिवि वा त्रिविबाट मान्यताप्राप्त विश्वविद्यालयबाट जुनसुकै विषयमा स्नातक तह उत्तीर्ण गरेकाले स्नातकोत्तर तहमा नेपाली र अङ्ग्रेजी विषय पढ्न पाउनेछन्। त्रिवि अङ्ग्रेजी विभागका प्रमुख प्राडा जीवलाल सापकोटाका अनुसार कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण गरेको विद्यार्थीले अङ्ग्रेजीमा स्नात्तकोत्तर तहमा पढ्न पाउने भएको बताए।

मापदण्ड अनुसार त्रिविबाट मान्यताप्राप्त कुनै पनि विश्वविद्यालयबाट न्यूनतम एक सय पूर्णाङ्क वा सोसरह अङ्ग्रेजीसहित हुनै पनि विषयमा स्नातक तह उत्तीर्ण भएको वा त्रिविबाट स्नातक तहको समकक्षता प्राप्त गरेको हुनुपर्नेछ। यस्तै, अङ्ग्रेजी मातृभाषा भएका मुलुकका कुनै पनि विश्वविद्यालयबाट कुनै पनि विषयमा स्नातक तह उत्तीर्ण भएको र त्रिविबाट स्नातक तहको समकक्षता प्राप्त गरेको हुनुपर्ने उल्लेख छ।

## चार उच्च अदालतमा श्रव्यदृश्यको माध्यमबाट सुनुवाइ प्रारम्भ

काठमाडौं, १४ मङ्सिर/रासस

उच्च अदालतका जुम्ला, महेन्द्रनगर, धनकुटा र हेटौंडामा बिहीवारदेखि श्रव्यदृश्यको माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको छ।

सर्वोच्च अदालतमा आज पत्रकार सम्मेलनको आयोजना गरी उक्त चार उच्च अदालतमा श्रव्यदृश्यमार्फत सुनुवाइको प्रारम्भ गरिएको हो। यो प्रविधिको माध्यमबाट मुद्दाको सुनुवाइ गर्दा समयको बचत हुने, कम खर्चिलो हुने र आम जनतामा न्यायमा पहुँच पुग्ने उद्देश्यले सेवा प्रारम्भ गरिएको हो।

"प्रविधिको माध्यमबाट न्यायमा पहुँच पुर्‍याउने कामको सुरुआत गरिरहेका छौं, नेपालको भूधरातलीय स्थितिले गर्दा दुर्गम क्षेत्रमा मानिसलाई एक गाउँबाट अर्को ठाउँमा पुग्न निकै कठिनाइ हुन्छ," प्रधानन्यायाधीश विश्वम्भर श्रेष्ठले कार्यक्रममा भने, "छिटोछरितो, सरल, सुलभ तरीकाले प्रविधिमार्फत नागरिकमा न्यायमा पहुँच पुर्‍याउने उद्देश्यले शुरू गरिएको हो।"

सर्वोच्च अदालतमा कोभिड-१९ का समयमा श्रव्यदृश्यका माध्यमबाट मुद्दाको सुनुवाइ प्रारम्भ गरिएको थियो। अहिले देशभरको जुनसुकै स्थानबाट पनि कानून व्यवसायीले सर्वोच्च अदालतमा आफ्नो मुद्दामा बहस गर्न सक्ने भएका छन्।

त्यस्तै, एक वर्षअघि उच्च अदालत दिपायल र इलाममा पनि मुद्दाको सुनुवाइ श्रव्यदृश्यमार्फत बहस शुरू गरिएको थियो। उक्त अनलाइनबाट मुद्दाको सुनुवाइ गर्दा कानून व्यवसायीले आफ्नै ठाउँमा बसेर मुद्दामा बहस गर्न सक्नेछन्।

मुद्दाको अनलाइनबाट सुनुवाइ गर्नका लागि एउटा निवेदन दिनुपर्नेछ। सोही अनुसार सर्वोच्च अदालतका सूचना प्रविधि शाखाले उक्त मुद्दाको पासवर्ड र आइडी बनाइ प्रवाह गर्नेछ र जूममार्फत कानून व्यवसायीले बहस पैरवी गर्ने व्यवस्था गरिएको छ।

**कोप-२८ ...**

पुर्‍याइरहेको छ। जीवाश्म इन्धनमा रहेको आर्थिक निर्भरता, शक्तिशाली देश र बहुराष्ट्रिय कम्पनी र उद्योगको निहित स्वार्थ र राजनीतिक वैमनस्यताले महत्त्वाकाङ्क्षी ठानिएको जलवायु नीतिको कार्यान्वयनमा बाधा उत्पन्न गर्दै आएको छ। कमजोर समुदायमा जलवायु परिवर्तनको असमान प्रभावले सामाजिक असमानता बढाएको छ। त्यसले समाधानका उपाय निकाल्न कार्यान्वयन गर्नसमेत जटिलता थपेको छ।

औंसीको रातमा चाँदीको घेरा भनेजस्तै चुनौतीका बीचमा पनि आशाका किरण भने विश्व समुदायमा देखा परेको छ। विश्व समुदायमा एक प्रकारको जागरण पैदा भएको छ। यसले आगामी दिनमा सकारात्मक हस्तक्षेप गर्ने विषयलाई नजरअन्दाज गरिहाल्न सकिंदैन। डरलाग्दा चुनौती भएपनि सकारात्मक परिवर्तनको सम्भावना हाम्रै हातमा छ। नवीकरणीय ऊर्जाको प्रयोग, विकास र विस्तार, बलियो र व्यावहारिक नीतिको कार्यान्वयन अन्तर्राष्ट्रिय सहयोगको वृद्धि गरिए यस सङ्कटबाट पार पाउन सकिन्छ। जलवायु परिवर्तनका प्रभावलाई कम गर्दै हाम्रो समयको परिभाषित मुद्दा र बहुपक्षीय चुनौतीको सम्बोधन गर्न सकिन्छ।

जलवायु परिवर्तन एक जटिल र अत्यावश्यक चुनौती हो, तर यो कार्य गर्न ढिलो छैन। सँगै काम गरेर, हामी उत्सर्जन घटाउन सक्छौं, प्रभावहरू अनुकूल गर्न सक्छौं र हाम्रो ग्रहको लागि थप दिगो भविष्य निर्माण गर्न सक्छौं। जलवायु परिवर्तनले मनमोहक परिदृश्य, विविध पारिस्थितिकीय प्रणाली र अद्वितीय सांस्कृतिक सम्पदाका लागि परिचित देश नेपालका लागि महत्त्वपूर्ण चुनौती खडा गरेको छ। जलवायु परिवर्तनका प्रभावबाट सबैभन्दा जोखिममा परेका राष्ट्रमध्ये एकको रूपमा नेपालले यसको पर्यावरण, अर्थतन्त्र र जनताको कल्याणलाई खतरामा पार्ने बहुआयामिक प्रभावको सामना गरिरहेको छ।

नेपालको कृषि क्षेत्र, जसमा जनसङ्ख्याको ठूलो हिस्सा निर्भर छ। यो क्षेत्र जलवायु परिवर्तनबाट निकै प्रभावित छ। वर्षाको ढाँचा र तापक्रममा हुने परिवर्तनले बाली उत्पादनलाई असर पार्दा खाद्य सुरक्षामा खतरा पैदा भएको भने निर्वाहमुखी किसानको जीविकोपार्जनमा असर गरेको छ।

हिमालय क्षेत्रमा हिमनदी पग्लँदा सिंचाइ, जलविद्युत् उत्पादन र पिउने पानीको लागि महत्त्वपूर्ण स्रोतको रूपमा रहेका नेपालका नदीमा पानीको उपलब्धतामा असर परेको छ। हिमनदी पग्लिंदा नदीको बहावको ढाँचामा आएको परिवर्तनले पानी आपूर्तिमा व्यवधान खडा भएको छ।

विभिन्न अन्तर्राष्ट्रिय मञ्चहरूमा नेपालले जलवायु परिवर्तनलाई न्यूनीकरण र अनुकूलन गर्न बलियो विश्वव्यापी प्रतिबद्धताको वकालत गर्दै आएको छ। प्रधानमन्त्री प्रचण्डले विगतमा विश्व समुदायले जनाएको प्रतिबद्धता कार्यान्वयनको स्पष्ट मार्गचित्र खोजिने बताउँदै आएका छन्। यस कारण पनि यसपटकको कोपबाट नेपालले महत्त्वपूर्ण लाभ हासिल गर्न सक्ने अवस्था छ।

त्यसो त नेपालले जलवायु अनुकूलन र लचिलोपन निर्माणमा सक्रिय कदम चालेको छ। वन संरक्षणमा नेपालले गरेको योगदान आफैंमा महत्त्वपूर्ण छ। नवीकरणीय ऊर्जाको प्रयोग र विकासमा ध्यान दिएको छ। प्राकृतिक प्रकोपका लागि प्रारम्भिक चेतावनी प्रणालीलाई सुदृढ पार्दै लगेको छ। कृषि र जल व्यवस्थापनजस्ता क्षेत्रमा जलवायु लचिलोपन बढाउने नीति लागू गरेको छ।

**कलैया उपमहानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
बारा, कलैया

### निर्माण कार्यको लागि सहयोगबारेको सूचना

**प्रथमपटक प्रकाशित मिति : २०८०।०८।१५**

यस उपमहानगरपालिका (पहिलो पक्ष)को पूर्ण स्वामित्वमा रहेको कलैया–१ हाटबजारको प्रवेशद्वारमा बनेको नयाँ भवनको पहिलो तला बनाउनुपर्ने भएकोले निर्माण सहयोगको लागि ठेक्का बन्दोबस्त गर्नुपरेकोले निम्न शर्तहरूको अधीनमा रहनेगरी इच्छुक व्यक्ति (दोस्रो पक्ष)हरूले ३० दिनभित्र रु १० को नगदी रसिदसहित रीतपूर्वक गोप्य सिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्का नं | ठेक्का शीर्षक | वडा नं | टोल | कोठाको लम्बाइ | कोठाको चौडाइ | धरौटी खाता नं | निर्माण सहयोग न्यूनतम अङ्क रु | बोलपत्र फाराम दस्तुर रु |
|---|---|---|---|---|---|---|---|---|
| ६।०८०/०८१ | सटर भवन निर्माण सहयोग | १ | कलैया बजार | ३४ फिट | २२ फिट १० इन्च | १२६०१००३०३००००४ | २०,००,०००।– | ३,०००।– |

**अन्य शर्तहरू**


१) बोलपत्रदाताले खामको बाहिरपट्टि ठेक्काको नम्बर, नाम, ठेगाना र कलैया उमनपा कार्यालय, बारा भनी प्रस्ट लेख्नुपर्नेछ।
२) बोलपत्र फाराम यस कार्यालयबाट माथि उल्लेख भएबमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ३०औं दिनसम्म कार्यालय समयमा खरीद गर्न सकिनेछ।
३) ठेक्काको हकमा सूचना प्रकाशित भएको ३१औं दिनमा दिनको १२:०० बजेभित्र कलैया उपमहानगरपालिकाका नगर कार्यपालिकाको कार्यालय, बारामा बोलपत्र दर्ता गराइसक्नुपर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजका प्रतिनिधिको रोहबरमा बोलपत्र खोलिनेछ। उक्त दिन बिदा परेमा सोपछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरू उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्नेछैन।
४) कलैया–१ बजारको प्रवेशद्वारमा नयाँ भवन बनेको पहिलो तला रहेको छ।
५) नयाँ सटरको मासिक भाडा रु २००००।– (बीस हजार मात्र) रहनेछ। समयसमयमा नगरपालिकाको आर्थिक ऐन अनुसार भाडावृद्धि गरिनेछ।
६) ठेक्कासम्बन्धी अन्य थप कुराहरू बुझ्नुपरेमा यस कार्यालयको राजस्व शाखामा कार्यालय समयभित्र सम्पर्क राख्न सकिनेछ।
७) यस सूचनामा उल्लेख नभएका शर्तहरूको हकमा प्रचलित कानूनबमोजिम हुनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

# चुनौती र अवसर दुवै छन् –प्रप्रअ यादव

प्रस, रौतहट, १४ मङ्सिर/

गढीमाई नगरपालिकाको अस्तव्यस्त स्थितिलाई चुनौती र अवसरको रूपमा लिएको प्रमुख प्रशासकीय अधिकृत श्रीदेव यादवले बताएका छन् ।



गढीमाई नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतको जिम्मेवारी लिएर आएका उनले बिहीवार सञ्चारकर्मीसँगको भेटघाटमा आफूले भर्खर जिम्मेवार सम्हालेको र पालिकामा रहेका विकृति, विसङ्गतिलाई बिस्तारै न्यूनीकरण गर्दै जाने बताए । उनले दरबन्दीभन्दा बढी कर्मचारी, कार्यादेशविना विकास निर्माण कार्य, खरीद निमावलीविपरीत सामान खरीदलगायतका बारेमा आफूले सुनेको र त्यस्ता कुराहरूलाई कार्यपालिकाको निर्णयबमोजिम सुधार गर्दै जाने बताए ।

उनले आफू आएपछिको पालिकाको पहिलो बैठकबाट बीउबिजन वितरण तथा अन्य कार्यालय सुधारकाश बारेमा निर्णय भएको बताए ।

नगरपालिकामा रहेको बेथिति अरू कसैले नउब्जाएको र नगरबाटै उब्जिएको बताउँदै अबका दिनमा सुधार नगरपालिकाबाटै हुने उनले बताए । उनले कर्मचारीको वक्यौता भुक्तानी दिने प्रक्रियामा लैजाने र दरबन्दीभन्दा बढीका कर्मचारीलाई व्यवस्थापन गरिने उनले बताए ।

उनले हालका दिनमा गढीमाई नगरपालिकाले करीब सात करोड भुक्तानी बाँकी रहेको र अन्य बेथितिहरूलाई पनि क्रमशः अन्त्य गरिने उनले बताए ।

# ट्याक्टर नियन्त्रणमा

प्रस, पंचगावाँ, १४ मङ्सिर/

पटेर्वासुगौली गाउँपालिका–५ देउरियाबाट प्रहरीले भलुवाही खोलाबाट अवैध उत्खनन गरेर गिट्टी, बालुवा लोड गरेको कसूरमा एउटा ट्याक्टर नियन्त्रणमा लिएको छ ।

भलुवाही खोलामा नदीजन्य पदार्थ उत्खननका लागि गापाले चालू आवमा ठेक्का लगाएको छ । तर ना.७त ६११८ नम्बरको ट्याक्टर बिहीवार बिहान इलाका प्रहरी कार्यालय, पटेर्वासुगौलीको



टोलीले रोकी चेकजाँच गर्दा खोलाबाट नदीजन्य पदार्थको निकासी पुर्जी नभएपछि नियन्त्रणमा लिएको जिल्ला प्रहरी कार्यालय, पर्साले जनाएको छ ।

ट्याक्टर, इप्रका, पटेर्वासुगौलीमा राखिएको र आवश्यक जरिवानाका लागि गापा कार्यालयमा पठाउने जिप्रका, पर्साले जानकारी गराएको छ ।

## आजको कार्यक्रम

| सि.नं. | आयोजक | कार्यक्रम | स्थान | समय |
|---|---|---|---|---|
| १. | पत्रकार महासङ्घ पर्सा | स्मृतिसभा | रेडियो वीरगंज | ८:०० |
| २. | भोजपुरी प्रतिष्ठान | पुस्तक विमोचन | मधेस विश्वविद्यालय | ११ बजे |

## अल्जाइमर्सका बिरामीलाई सहयोग गरौं

- अल्जाइमर्स प्रायः ज्येष्ठ नागरिकमा देखिने रोग हो ।
- वंशज, धूमपान, मोटोपन, उच्च रक्तचाप, मधुमेह र टाउकोमा लाग्ने चोटपटकका कारणले यो रोग हुन सक्छ ।
- यो रोगको प्रारम्भमा बिस्तारै बिर्सिंदै जाने, मान्छे र स्थान भुल्ने, बोली र भाषामा असहजता हुने जस्ता लक्षण देखिन्छन् ।
- रोग बढ्दै जाँदा दिसापिसाबको चेतना हराउने र खाने तरीकासमेत बिर्सने लक्षण देखिन सक्छ ।
- यस्ता बिरामीलाई सहयोग गरौं, एक्लै नछोडौं र चिकित्सकसँग परामर्श गरौं ।

नेपाल सरकार
**विज्ञापन बोर्ड**

## गौरमा जनजागरण अभियान

प्रस, रौतहट, १४ मङ्सिर/

राष्ट्रिय एकता अभियानले बिहीवार गौरमा जेहादी आतङ्कवादविरुद्ध जनजागरण अभियान र्‍याली निकालेको छ ।

राष्ट्रिय एकता अभियानका अध्यक्ष विनय यादवको नेतृत्वमा जय श्रीरामको नारा लगाउँदै शिवालय मन्दिरबाट र्‍याली निकालिएको थियो । र्‍याली गौर नगरपरिक्रमापछि शिवालयमा पुगेर कोणसभा गरी समापन भएको थियो ।

# खेलकूदको संसार

## केपी ओली कप क्रिकेट : आर्मी र मधेस प्रदेश फाइनलमा

कास्की, १४ मङ्सिर/रासस

पोखरामा जारी ‘केपी ओली कप टी–२० राष्ट्रिय क्रिकेट’मा विभागीय त्रिभुवन आर्मी क्लब प्रतियोगिताको फाइनलमा प्रवेश गरेको छ । पोखरा रङ्गशालास्थित क्रिकेट मैदानमा बिहीवार सम्पन्न पहिलो सेमिफाइनल खेलमा आर्मीले बाग्मती प्रदेशलाई चार विकेटले पराजित गरेको हो ।

आर्मीले जीतका लागि पाएको १२८ रनको विजयी लक्ष्य १५ ओभरमा पूरा गर्न सफल भयो । टस जितेर ब्याटिङ गरेको बाग्मतीले निर्धारित २० ओभर पूरै खेल्दै सात विकेटको क्षतिमा १२७ रन बनाएको थियो ।

बाग्मतीका प्रतीक श्रेष्ठले ३५ बलमा चार छक्का र तीन चौकाको मदतमा अर्थशतकको योगदान दिए पनि टोलीलाई फाइनलमा पुऱ्याउन असफल भए । यसैगरी, कप्तान सन्दीप लामिछानेले १९, रीत गौतमले १४, इशान पाण्डेले १२ रन बनाए । ‘प्लेयर अफ दी म्याच’ घोषित आर्मीका सहाब आलमले चार तथा सोमपाल कामीले दुई र विवेक यादवले एक विकेट लिए ।



आर्मीले विजयी लक्ष्य १५ ओभरमा छ विकेट गुमाएर पूरा गर्न सफल भयो । आर्मीका भीम सार्कीले सर्वाधिक ३९ रनको योगदान दिए । कुशल मल्लले २७ र विनोद भण्डारीले २५ रन बनाए । बाग्मतीका सन्दीप लामिछानेले दुई तथा प्रतीश जिसी, इशान पाण्डे, सोनु देवकोटा, रीत गौतमले समान एक/एक विकेट लिए । सुजन थपलियाले २१ र मनीष थापाले १६ रनको योगदान दिए ।

यसैगरी प्रतियोगिताको दोस्रो सेमिफाइनलमा मधेस प्रदेशले सशस्त्र प्रहरीलाई ११ रनले पराजित गर्दै फाइनलमा प्रवेश गरेको छ । पोखरा क्रिकेट मैदानमा सम्पन्न दोस्रो सेमिफाइनलमा टस जितेर ब्याटिङ गरेको मधेस प्रदेशले निर्धारित २० ओभरमा छ विकेट गुमाएर १९७ रन बनाएको थियो । १९८ रनको विजयी लक्ष्यसहित ब्याटिङ गरेको सशस्त्र प्रहरीले २० ओभरमा नौ विकेटको क्षतिमा १८६ रन बनाएर पराजित भयो । मधेस प्रदेशबाट सर्लाहीका विशाल पटेलले तीन, धनुषाका हरिशङ्कर साहले दुई र सिराहाका प्रदीप पासवानले दुई विकेट लिएका थिए । प्रतियोगितामा बारा, कलैयाका मनिलकुमार साहले ५७, वीरगंजका इमरान शेखले ५० र कलैयाका पवन सर्राफले ३३ रनको योगदान दिएका थिए ।

सशस्त्र प्रहरीका प्रदीप ऐरीले ५५, सन्दीप जोराले ५४ र पुरन बोहराले ३२ रनको योगदान दिएका थिए । यसैगरी, सशस्त्रका मौसम ढकालले तीन विकेट, अमर रौतेलाले दुई र पुरन विकले एक विकेट लिएका थिए । दोस्रो सेमिफाइनल खेलको ‘म्यान अफ दी म्याच’ मधेस प्रदेशका अनिलकुमार साह घोषित भए । भोलि शुक्रवार आर्मी र मधेस प्रदेश बीच फाइनल खेल हुने जनाइएको छ ।

यही मङ्सिर ७ गतेदेखि सञ्चालन भएको प्रतियोगिता मङ्सिर १५ गतेसम्म सञ्चालन हुनेछ । प्रतियोगिताको विजेता टोलीले रु पाँच लाख, शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार प्राप्त गर्नेछन् । यसैगरी, उपविजेता टोलीलाई रु दुई लाख ५० हजार, शिल्ड, मेडल र प्रमाणपत्र पुरस्कार पाउनेछन् । प्रतियोगितामा ‘म्यान अफ दी सिरिज’ले नगद रु ३० हजार, ‘बेस्ट बलर’ले रु २० हजार पुरस्कार पाउने आयोजक मदन भण्डारी स्पोर्ट्स एकेडेमीले जनाएको छ ।

## खेल सङ्घ वर्गीकरण गर्ने तयारीमा राखेप

काठमाडौं, १४ मङ्सिर/रासस


खेल क्षेत्रमा लामो समय क्रियाशील खेल विज्ञलाई समेट्दै राष्ट्रिय खेलकूद परिषद् (राखेप)ले राष्ट्रिय खेल सङ्घलाई वर्गीकरण गर्ने तयारी शुरू गरेको छ ।

राष्ट्रिय खेलकूद विकास नियमावली २०७९ परिच्छेद २ को नियम ३ बमोजिम समिति र राखेपका सदस्य–सचिवबाट खेलको वर्गीकरण र प्राथमिकता निर्धारण गरी परिषद्मा पेश गर्ने व्यवस्था भएअनुरूप राखेपका पूर्वसदस्य–सचिव युवराज लामाको संयोजकत्वमा सात सदस्यीय खेलको वर्गीकरण र प्राथमिकता निर्धारण कार्यदल गठन गरिएको हो ।

सदस्यमा राखेपका पूर्वउपाध्यक्ष एवं नेपाल ओलम्पिक कमिटीका सहमहासचिव पीताम्बर तिम्सिना, नेपाल ओलम्पिक कमिटीका महासचिव नीलेन्द्रराज श्रेष्ठ, अखिल नेपाल फूटबल सङ्घका पूर्वअध्यक्ष कर्माछिरिङ शेर्पा, माउन्टेन स्पोर्ट्स फेडरेशन, नेपालका अध्यक्ष गोविन्दप्रसाद भट्टराई हुन् । त्यस्तै, प्राविधिक प्रतिनिधिमा रञ्जन थापा तथा सचिवमा सङ्घसंस्था समन्वय शाखाका प्रमुख चन्द्रकुमार राई हुन् ।

खेल सङ्घलाई क्रियाशील बनाइ खेलकूद गतिविधिको कार्यान्वयनमा प्रभावकारिता ल्याउन सदस्य–सचिव टङ्कलाल घिसिङबाट कार्यदल गठन गर्ने निर्णय गरिएको हो । कार्यदलले विस्तृत अध्ययन गरी २१ दिनभित्र राखेपका सदस्य–सचिव टङ्कलाल घिसिङसमक्ष प्रतिवेदन पेश गर्नुपर्नेछ ।

सदस्य–सचिव घिसिङ राखेपको नेतृत्वमा आएपछि राष्ट्रिय खेल सङ्घलाई प्रभावकारी ढङ्गले अगाडि बढाउन क्रियाशील छन् । उनको कार्यकालमा २४ सङ्घले निर्वाचन सम्पन्न गरिसकेका छन् भने कराते, शारीरिक सुगठन, मुवाँथाइ र पेन्टाथलन सङ्घको एकीकरणसमेत भइसकेको छ । खेल सङ्घको सङ्ख्यालाई दुई अङ्कमा झार्ने अभियानमा सदस्य–सचिव घिसिङ गम्भीर भएर कार्यान्वयनको प्रक्रियामा लागि परेका छन् ।




प्यालेसमा करीब पाँच हजारजनालाई सेवा दिने क्षमता भएको र करीब डेढ हजारजना कामदारलाई रोजगार दिइएको छ । होटल वीरगंज गेटवेका सञ्चालक कुबेर कार्कीका अनुसार वीरगंजका होटल तथा पार्टी प्यालेस



भारतीय पर्यटकमाथि आश्रित भए तापनि सीमानाकामा स्थानीय प्रशासनको गिद्दे नजरको कारण भारतीय पर्यटक नेपाल प्रवेश गर्न डराउने गरेको उनले बताए । “वीरगंजका अधिकांश होटल तथा पार्टी प्यालेस आर्थिक मन्दीको शिकार भइरहेका छन्, त्यसमा पनि भारतबाट आउने पाहुनाहरू जनपद र सशस्त्र प्रहरीको निशानामा पर्छन्, रक्सौलबाट छिर्ने बित्तिकै विभिन्न ठाउँमा चेकजाँच र अनावश्यक झन्झट खेप्नुपर्छ, जसले गर्दा भारतीय पर्यटकहरू झोंझ मान्छन्,” उनले भने, “वीरगंज र नेपाल घुमफिर गर्न आउने र बिहेवारी तथा अन्य कार्यक्रम गर्न आउने भारतीय पर्यटक अहिलेको अवस्थामा वीरगंज प्रवेश गर्न हिच्किचाइरहेका छन् ।” नेपालमा आउँदा ठूलो परिमाणमा भारतीय नोट लिएर आउन नमिल्ने भएकोले पनि उनीहरू नेपाल आउन कठिन मान्ने गरेको उनको भनाइ छ । भारतीय पर्यटकहरूले वीरगंज भन्सार क्षेत्रमा एउटा सरकारी सटही काउन्टरको स्थापनाको लागि समेत माग गरेका छन् ।

अन्तराष्ट्रिय आर्थिक मन्दीको असर नेपालको आन्तरिक र बाह्य पर्यटकमा समेत परेको हुँदा पहिलेभन्दा होटल तथा



पार्टी प्यालेसमा जन्मदिन, वैवाहिक वर्षगाँठ, विवाह, टीकाटालोलगायतका कार्यक्रममा कमी आएको गण्डकस्थित क्लार्क रिसोर्टका सञ्चालक सुनील खेतान बताउँछन् । गैरसरकारी संस्था, सरकारी तथा कर्पोरेट कार्यक्रम पनि कम भइरहेकाले पनि व्यवसायमा धक्का पुगेको होटल व्यवसायीहरूको विश्लेषण छ ।

अहिले वीरगंजका होटल तथा पार्टी प्यालेसमा जन्मदिन, वैवाहिक वर्षगाँठ, टीकाटालो फूड र क्याटरिङ छाडेर रु १–२ लाखमा बुकिङ भइरहेका छन् भने विवाहको बुकिङ फूड–क्याटरिङबाहेक रु दुईदेखि चार लाखसम्ममा भइरहेको छ । तर पनि बुकिङ पाउन समस्या भइरहेको व्यवसायीहरूको भनाइ छ । फूड र क्याटरिङ खर्च वैवाहिक कार्यक्रममा पाहुनाको सङ्ख्या र खानाको परिकारका अधारमा रु पाँचदेखि १० लाखसम्म पर्ने गरेको होटल व्यवसायीहरू बताउँछन् ।

बिहारमा मदिरा प्रतिबन्धले तीन वर्षअघि सीमावर्ती क्षेत्रका अधिकांश भारतीय वीरगंजकै होटल तथा पार्टी प्यालेसमा वैवाहिक कार्यक्रम बुकिङ गर्ने गर्थे । नेपाल–भारत खुला सीमाको फाइदा उठाउँदै नेपालबाट हुने मदिरा तस्करीले गर्दा बिहारका होटल तथा पार्टी प्यालेसमा मदिरा सहजै पाउने गरेकाले पनि सीमावर्ती भारतीयहरूको वैवाहिक कार्यक्रमको लागि वीरगंज आउन कम भएको व्यवसायीहरूको भनाइ छ ।